ISSN 2091-1629

# गौरी मासिक

GAURI MASIK

वर्ष १९, अङ्क ८, २०८० चैत, पूर्णाङ्क २१५

मूल्य रु. ४५/-

निरन्तर २१५ औं अङ्क

फोटो : सनम तामाङ

## बराहक्षेत्रधाम

सुनसरी

साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड
द्वारा प्रवर्द्धित
STC ग्याँस
तौल पूर्ण, सुरक्षा सम्पूर्ण
- ISI स्टाण्डर्डको भित्र बाहिर रवर कोट भै बीचमा स्टिलको जाली भएको ३ तहको होजपाइप
- उच्च गुणस्तरको रेगुलेटर
- पुनः प्रयोग गर्न न सकिने प्लाष्टिक सिल भएको सिलिण्डर
- कम्प्यूटर प्राविधिबाट चल्ने प्लान्ट, तौलमा सोह्रै आना दुक्क हुनुहोस्
गृहिणी
चामल
साल्ट ट्रेडिङ्ग समूहका उत्कृष्ट खाद्य बस्तुहरु


श्रीमद्भगवद्गीता
विष्णु सहस्रनाम सहित
(नेपाली भावार्थसहित)
दास्रो संस्करण
विश्व कल्याण र धर्म संरक्षणको लागि
ॐ एक करोड गीतादान महाअभियान

www.machbank.com
Digi युवा
बचत खाता
बचत सँग सँगै
समृद्ध बनौं
माछापुच्छ्रे बैंक

संवित परामर्श मण्डल
आबाल ब्रह्मचारी कविराज देवराज आचार्य
प्रा. शिवगोपाल रिसाल
डा. बिनु बाबा अर्याल
सल्लाहकार
श्रीमती गङ्गा कार्की
श्रीमती माधवी नेपाल
श्रीमती शिवा रिमाल
श्रीमती सीता श्रेष्ठ, खड्का
श्रीमती कमला बस्नेत
श्री नवराज लामिछाने
श्री मोहन चौधरी
प्रकाशक/सम्पादक
अर्जुन लामिछाने (९८५१०५३६०१)
व्यवस्थापक
बिदुरप्रसाद अधिकारी
सहयोगी
बिनीता पाठक
पार्वती सेढाईं
डिजाइनः
बिपीन सोडारी (९८४९८५६२१०)
मुद्रकः किशोर अफसेट प्रेस
अध्यात्म ज्ञान लिनु र दिनु परम धर्म हो ।
एक प्रतिको रू. ४५/-
वार्षिक सदस्यता शुल्क रू. ५००/-
आजीवन सदस्यता शुल्क रू. ५,०००/-
ग्राहक बनेर गौरीको प्रकाशनमा टेवा पुऱ्याइ पुण्य कमाउनुहोस् ।
*यस पत्रिकामा प्रकाशित लेख रचनाहरू लेखकका व्यक्तिगत विचार हुन्- सम्पादक*

कार्यालय
भुवनेश्वरीमार्ग, पशुपति, काठमाडौं
फोन नम्बर- ९८०३८८८६६७, ९८०३०९२४१७
इमेलः- gauri_2062@yahoo.com / masikgauri@gmail.com

वितरक
**विश्व स्वतन्त्र संचार**
नयाँबानेश्वर, काठमाडौं, फोन नं.: ९८५१०३०९७२

कर्णाली प्रदेशः सुर्खेत ९८६८८९२३४७ (चैतेजी)
सुदुर पश्चिम कैलाली ९८४९९०३०३३ (हरिजी)
नेपालगञ्जः ९८४८०९५०५९ (गङ्गादास)
वाग्मति प्रदेश हेटौंडाः ९८४५३००६०५
देवघाटधाम, तनहुँ ९८५१०३०९७२
मधेश प्रदेश बर्दिवासः ९८४९२१६२५५
कोशी प्रदेशः ९८०३०९२४१७ (लेखनाथ)

जि. प्र. का. द. नं. ५२/०६२/०६३

हे गौरि शंकरार्धाङ्गि यथा त्वं शंकरप्रिया ।
तथा मां कुरु कल्याणि कान्तकान्तां सुदुर्लभाम् ॥

वर्ष १९, अङ्क ७, २०८० पूर्णाङ्क २१५

## चैत २०८०

| | | | | | |
|---|---|---|---|---|---|
| **विहीबार** | १ | ८ | १५ | २२ | २९ |
| **शुक्रबार** | २ | ९ | १६ | २३ | ३० |
| **शनिबार** | ३ | १० | १७ | २४ | गौरी |
| **आइतबार** | ४ | ११ | १८ | २५ | गौरी |
| **सोमबार** | ५ | १२ | १९ | २६ | गौरी |
| **मंगलबार** | ६ | १३ | २० | २७ | गौरी |
| **बुधबार** | ७ | १४ | २१ | २८ | गौरी |

## गौरीको अनुरोध.....!

यस गौरी मासिकको बार्षिक या आजीवन सदस्यता लिएर पनि पत्रिका नपाउनु भएका पाठकवृन्दहरूले कार्यालयमा सम्पर्क गरी छुटेका पत्रिकाहरू संकलन गर्नुहुन अनुरोध छ ।
कार्यालयः भुवनेश्वरी मार्ग, पशुपति
सम्पर्कः ९८४१५३३७८७, ९८०३८८८६६७ ९८५१०५३६०१

# श्रीमद्भागवतमहापुराण

अघिल्लो अंकबाट क्रमशः

## दुःखको कारण मन हो भन्ने विषयमा एउटा तितीक्षु ब्राह्मणको कथा

मन मनुष्यको साहै ठूलो शत्रु हो । यसको आक्रमण असह्य छ । यसले केवल बाहिरी शरीरलाई मात्र होइन, भित्रका मर्मस्थानहरूलाई पनि बेर्दछ । अतः मनुष्यले सबभन्दा पहिले आफ्नो मनलाई नै जित्नुपर्छ ।

मानिलिऊँ कि मन नै सुखदुःखको कारण हो तापनि त्यससित आत्माको के सम्बन्ध छ ? किनभने सुखदुःख दिने अर्को र भोग्ने पनि त यो माटाको शरीर नै हो । कहिलेकाहीं भोजन गर्ने बेलामा यदि दाँतहरूले आफ्नै जिब्रो टोकियो भने र त्यसबाट पीडा हुन थाल्यो भने मानिस कसमाथि क्रोध गर्ला ?

यस्तो मानिलिऊँ कि देवता नै दुःखका कारण हुन्; तापनि यस दुःखले आत्मालाई के हानि छ ? किनभने यदि दुःखका कारण देवता हुन् भने त्यसका भोक्ता पनि त उनी नै हुन् किनभने जुन देवता एउटा शरीरमा छन्, उनै अर्को शरीरमा पनि छन् । अर्को जेसुकै प्रतीत हुन्छ मिथ्या हो । यस कारण न सुख छ न दुःख छ । अनि त क्रोध (रिस) कस्तो, कसमाथि ? यदि ग्रहहरूलाई सुखदुःखको निमित्त मान्ने हो भने पनि त्यसबाट अजन्मा आत्मालाई के हानि ती ग्रहहरूको प्रभाव जन्ममरणशील शरीरमाथि नै छ । आत्मा यी ग्रहहरू र शरीरहरूदेखि सर्वथा पर छ ।

यदि कर्महरूलाई नै हामी सुखदुःखको कारण मानौं भने पनि तिनसित आत्माको के प्रयोजन छ ? किनभने तिनी त एउटा पदार्थको जड र चेतन भएपछि नै सम्पन्न हुन सक्छन् । देह (शरीर) त जड हो र त्यसमा रहने आत्मा सर्वथा निर्विकार र साक्षी मात्र हो । यस प्रकार कर्महरूको कुनै आधार नै सिद्ध हुँदैन । यदि काल नै सुखदुःखको कारण हो भने आत्मामाथि उसको के प्रभाव पर्नेछ र ? किनभने काल त आत्मस्वरूप नै छ जसरी आगोले आगोलाई डढाउन सक्तैन र हिउँले हिउँलाई पगाल्न सक्तैन, त्यसै गरी आत्मस्वरूप कालले आफ्नै आत्मालाई नै सुखदुःख पुऱ्याउन सक्तैन ।

यदि यस्तो ठानौँ कि आत्मा नै सुखदुःखको कारण हो भने उही सुखदुःख दिने र भोग गर्ने पनि हो, किनभने आत्मादेखि भिन्न केही छँदै छैन । आत्मा चिसोतातो, सुखदुःख आदि द्वन्द्वहरूबाट सर्वथा अतीत छ । यी द्वन्द्वहरूको प्रभाव त जन्ममृत्युमा भौंतारिने जीवमाथि नै हुन्छ । जसले यस सत्यलाई जान्दछ, त्यो पुनः कसैसित पनि भयभीत हुँदैन ।

उद्धव ! ती ब्राह्मणको धन नष्ट के भएथ्यो, तिनका सारा दुःखक्लेश नै निवारण भइहाले । यस कारण तिमी पनि आफ्ना सारा चित्तवृत्तिहरूलाई ममा तन्मय गरी मनलाई आफ्नो वशमा गर । सम्पूर्ण योगसाधनाहरूको यही नै सारसङ्ग्रह हो ।

## साङ्ख्ययोग

उद्धव ! अब तिमी साङ्ख्यदर्शनको निष्कर्ष सुन । सत्ययुगमा अथवा जहिले पनि मानिस विवेकयुक्त हुन्छ । अनि तिनीहरू सबै अवस्थाहरूमा विकल्पशून्य केवल ब्रह्मस्वरूप नै हुन्छन् । यो कुरामा कुनै सन्देह छैन कि ब्रह्ममा कुनै पनि प्रकारको विकल्प छैन । ब्रह्म नै माया र जीवका रूपमा दुई भागमा विभक्त छ । तीमध्ये एउटा वस्तुलाई ब्रह्म भन्छन् । उही ब्रह्मले जगत्मा कार्य र कारणको रूप धारण गरेका छन्; अर्को वस्तुलाई जुन ज्ञानस्वरूप छ, पुरुष भन्छन् । मैले नै जीवहरूका शुभअशुभ कर्मअनुसार प्रकृतिलाई क्षुब्ध गरें, अनि त्यसबाट गुण प्रकट भए र त्यसबाट महत्तत्त्वको उत्पत्ति भयो । महत्तत्त्वमा विकार भएपछि अहङ्कार भयो । यो अहङ्कार नै जीवहरूलाई मोहमा पार्ने हो । अहङ्कारबाट पञ्चतन्मात्राहरू र तिनका पाँच भूतहरूको उत्पत्ति भयो । ती सबै पदार्थ मेरो प्रेरणाले परस्परमा मिल्न गए र यिनीहरूले यो ब्रह्माण्ड उत्पन्न गरे ।

यो अण्ड जलमा स्थित भएपछि अनि म नारायण रूपले त्यसमा स्थित भएँ । मेरा नाभिबाट विश्वकमलको उत्पत्ति भयो र त्यसैमा ब्रह्माको आविर्भाव भयो । मेरो कृपाप्रसाद पाएर ब्रह्माले भूः भुवः स्वः अर्थात् पृथ्वी, अन्तरिक्ष र स्वर्ग यी तीनओटै लोकहरूको र यसका लोकपालहरूको रचना गरे ।

क्रमशः

# सम्पादकीय

**नवनिर्माण होइन पुनर्निर्माण**

भगवान् श्रीपशुपतिनाथ विराजित पावन पशुपति क्षेत्र युनेस्कोको विश्व सम्पदा सूचिमा सूचिकृत नेपालकै पहिलो धार्मिक सम्पदा क्षेत्र हो । यसलाई युनेस्कोले सनं. १९७९ मा विश्व सम्पदामा सूचिकृत गरेको हो । पशुपति क्षेत्रका प्राचीन मूर्त एवम् अमूर्त सम्पदाले गर्दा नै यो क्षेत्र विश्व सम्पदामा सूचिकरण भएको हो । मूर्त सम्पदा अन्तर्गत यहाँका प्राचीन मठ-मन्दिर, चैत्य-गुम्वा, पाटी-पौवा, इनार, धारा, पोखरी, डवली आदि पर्दछन् भने अमूर्त सम्पदा अन्तर्गत यहाँका प्राचीन नाचगान, वाध्यवादन, जात्रा पर्व, भेषभुषा लगायतका सम्पदाहरू पर्दछन् ।

विश्व सम्पदा भइकन पनि पछिल्ला वर्षहरूमा यहाँका मूर्त सम्पदाहरू मनोमानी ढंगले नष्ट गरिएका छन् । वि.सं. १५०४ मा प्रताप मल्लले निर्माण गरेका बम्मै ढुकुटी घर, अठारौ शताव्दीमा रणबहादुर शाहको पालामा भोटु पाँडेले निर्माण गरेका सप्तमी सत्तल पशुपति क्षेत्र विकास कोषले प्राङ्गण विस्तार गर्ने महत्वकांक्षी योजना अगाडि सारेर, गुरुयोजना स्वीकृत नै नहुँदै हतासमा आफैंले नष्ट गरियो । त्यस्तै भूकम्पले क्षतिग्रस्त राणाकालीन समयमा निर्माण गरिएको गुरुजीको सत्तलको समेत इतिहास मेटिएको छ । यसैगरी पशुपति क्षेत्रमा हुने कुण्डयात्रा, उपलिङ्गयात्रा, राममन्दिरको नरसिंह जात्रा, बराह जात्रा र वाग्मती यात्रा जस्ता अमूर्त सम्पदा लोप भइसकेको छ ।

पशुपति क्षेत्र विकास कोषको स्थापना मूलतः यहाँका सम्पदाको संरक्षण र सम्वर्द्धन गर्ने उद्धेश्यले गरिएको हो । अहिले विभिन्न क्षेत्रका विज्ञ टोली सम्मिलित समितिले तयार गरेको 'पशुपति क्षेत्रको संरक्षण तथा व्यवस्थापन गुरुयोजना २०७८' मा प्राङ्गण विस्तारको योजनालाई खारेज गरेकोले भत्काइएका ऐतिहासिक संरचना पुनर्निर्माण गर्नु कोषकै दायित्व हो । तर विडंबना, कोषले जिर्णोद्धार र पुनर्निर्माणभन्दा पनि नयाँ निर्माणमा जोड दिएको छ । जसले गर्दा पुरातात्विक महत्वका यस्ता सम्पदाहरू लोप हुँदैगएका छन् । त्यसैले स्थानीय समुदाय र सम्वन्धित निकायले कोषलाई गल्ती सच्याउँदै उद्धेश्यअनुरूप कार्यगर्न सचेत गराउनु जरुरी छ । अस्तु,

# यसभित्र


अविच्छिन्न

श्रीमद्भागवत महापुराण २

सम्पादकीय ३

गीताज्ञान

सांख्ययोग आचार्य खेमराज केशवशरण ५

आध्यात्मिक वार्ता

पुरुष प्रकृति...... श्रीमहेन्द्रनाथ गुप्त श्री'म' ७

खोज

नेपाल हिन्दुराष्ट्र... प्रा. डा.ऋषिराम पोखरेल ९

रहस्य

भगवान् विष्णुको.... भागवतश्री न्यौपाने १२

समसामयिक

जगद्गुरू..... सहप्रा. डा. विनुबाबा अर्याल १३

चिन्तन

भगवान्का विभूतिहरू डा. कान्ता भट्टराई १७

सम्वाद

धर्म र अध्यात्मको... डा. निर्मलमणि अधिकारी २०

कविता

श्रीमहाकाल..... मुकुन्द शर्मा चालिसे २३

शास्त्र परिचय

अद्भूत रामायण.. मोहनप्रसाद आचार्य २५

अध्यात्म

मृत्यु के हो ? उर्मिला भण्डारी २९

उपदेश

भगवान् बुद्धका... रामबहादुर तामाङ ३०

प्रेरक कथा

सबै दिन.... उर्मिला पन्त ३१

फर्केर हेर्दा

महाशिवरात्रि २०८०. अर्जुन लामिछाने ३२

गतिविधि ३५

# भूवराह - सुप्रभातम्

-डा नारायण निरौला

उत्तिष्ठ पुण्डरीकाक्ष ! उत्तिष्ठ हे गदाधर !
उत्तिष्ठ हे जगन्नाथ ! प्रभाते रमया सह ॥१॥
धरणीधर ! वाराह ! गोविन्द ! गरुडध्वज !
कल्याणार्थं हि लोकस्य उत्तिष्ठ पुरुषोत्तम! ॥२॥

रात्रिर्गता शुभमुहुर्तमभूत् प्रभातं
प्राप्तं महो भुवनमन्दिरमीक्षते त्वाम्।
पक्षादयः कुकुकुकुं प्रणदन्ति नादं
श्रीमन्वराहभगवन् ! तव सुप्रभातम् ॥३॥

चम्पाप्रवालशतपत्रसुगन्धवन्ति
प्रातर्हसन्ति कमलानि सरोरुहाणि।
वेदादि विज्ञपुरुषैः सततं प्रगीता
श्रीमन्वराहभगवन् ! तव सुप्रभातम् ॥४॥

या कौशिकी भगवतश्चरणारविन्दे
सेवाङ्करोति सततं भुवि पुण्यरूपा।
सन्तिष्ठतेकर्चकगणो विनिवृत्य कार्यात्
श्रीमन्वराहभगवन् ! तव सुप्रभातम् ॥५॥

कोका करोति सततं तव कीर्तनं सा
गायन्ति नित्यममलं भगवत्प्रपन्नाः।
प्रातः कपोतनिचयेन सुगीयसे त्वं
श्रीमन्वराहभगवन् ! तव सुप्रभातम् ॥६॥

यत्कौशिकीजलमतीव महापवित्रं
यच्चापि दिव्यगतिदं तदभीष्टभाजाम्।
तद्गच्छति स्वरमयं किल दर्शनार्थं
श्रीमन्वराहभगवन् ! तव सुप्रभातम् ॥७॥

वन्दे वराहवपुषं गगनस्वरूपं
संसारिणां करुणयाककह पुराणगुह्यम्।
संस्तूयते तव विभो ! चरणारविन्दं
श्रीमन्वराहभगवन् ! तव सुप्रभातम् ॥८॥

लोकेकवतीर्य परमः खल दण्डनार्थं
हन्त ! स्वयं दितिसुतस्य वधञ्चकार।
संरक्षिता च धरणी करुणावशेन
श्रीमन्वराहभगवन् ! तव सुप्रभातम् ॥९॥

उत्तिष्ठ देव ! धरणीधर! वासुदेव !
नारायण! प्रिय ! मनोजमदापहार !
स्वामिन् ! विभो ! भुवनरक्षक ! दैत्यशत्रो !
श्रीमन्वराहभगवन् ! तव सुप्रभातम् ॥१०॥

घण्टादिवाद्यमभिनाद्यतवार्चनार्थं
आनीय पुष्पबहुमिष्टफलादि भक्त्या।
आयन्ति सर्वजनतास्तव दर्शनार्थं
श्रीमन्वराहभगवन् ! तव सुप्रभातम् ॥११॥

हे भूपते ! भुवनसुन्दर ! देवदेव !
हे वासुदेव! गरुडध्वज ! चक्रपाणे।
प्राच्यां महो रविकणाः प्रसरन्ति दिव्यं
श्रीमन्वराहभगवान ! तव सुप्रभातम् ॥१२॥

त्वं वन्द्यसे परपरायण ! वेदमन्त्रैः
गायञ्च नित्यममलैः सुरिभिः सुपूज्यैः।
उत्तिष्ठ माधव! चतुर्भुज ! विश्वरूप !
श्रीमन्वराहभगवन ! तव सुप्रभातम् ॥१३॥

करुणाकर ! वाराह ! प्राच्यां सूर्यो विवर्धते।
लोकश्रेयस्कर ! नित्यं उत्तिष्ठ पुरुषोत्तम ! ॥१४॥
उत्तिष्ठोत्तिष्ठ देवेश! भक्तानुग्रहकारक!
मुक्तिदाता ! रमानाथ ! वरद ! भक्तवत्सल!! ॥१५॥❖

– चतरा, सुनसरी

इति डा.नारायणनिरौलाविरचितं श्रीभूवराह–सुप्रभातं समाप्तम्।

गीता द्वितीय अध्याय

# सांख्ययोग



–आचार्य खेमराज केशवशरण

नास्ति बुद्धिरयुक्तस्य न चायुक्तस्य भावना।
न चाभावयतः शान्तिरशान्तस्य कुतः सुखम् ।६६।

**अन्वयः** आयुक्तस्य बुद्धिः नास्ति, आयुक्तस्य भावना च न (भवति) अभावयतच शान्तिः न (भवति) अशान्तस्य सुखम् कुतः ?

**सरलार्थः** जो परमात्मामा अटल निष्ठा राखेर इन्द्रियहरूलाई वश गरी युक्त बन्न सकेको हुँदैन त्यस्ता व्यक्तिमा निश्चयात्मिकास्थित बुद्धि हुँदैन । नत त्यस्तो अयुक्त व्यक्तिमा कर्तव्यपालनको भावना नै हुन सक्तछ । अनि कर्तव्यप्रति प्रबुद्ध भावना राखेर स्वकर्मको राम्रो आचरण हुन नसक्दा मनमा शान्ति कहिल्यै आउँदैन । अनि शान्ति नै छैन भने सुख त झन कहाँबाट होस् ?

**भावार्थचन्द्रिकाः** कर्मयोगीले रागद्वेष रहित भएर समस्त इन्द्रियशक्तिहरूलाई भगवत्सेवातर्फ अभिमुख तुल्याउँदै युक्त बनेर अघि बढ्नु आवश्यक हुन्छ । त्यसो भएमा मात्र निश्चयात्मिका बुद्धिसँगै कर्तव्यपालनको भावना मनमा जाग्दछ । निश्चयात्मिका बुद्धि र कर्तव्यपालनाको प्रसाद स्वरूप अचल, निर्मल, निश्चयात्मिका बुद्धि प्राप्त हुन्छ । अचल र निर्मल बुद्धिद्वारा निर्देशित कर्तव्यभावनाद्वारा प्रेरित हुने साधकका मनमा सन्तुष्टिको उदय हुन्छ । जीवन व्यवस्थित र सन्तुलित बनेको चलेको अनुभव गर्न पाउँदा सन्तुष्टिपूर्ण मनमा शान्तिको उदय हुन्छ । सन्तुष्टि विना शान्तिको आशा गर्नु आशामात्र हुन्छ । अनि शान्ति विना बाहिरबाट जति नै सुखी बन्ने अभिनय गरे पनि मानिस सुखी कहाँ हुन्छ ?

हामी कुनै ठूलो तलाउमा गएर हेरौं । यदि पानी एकदमै नहल्लिएको अचल रूपमा छ भने त्यसमा वरपरबाट प्रतिबिम्बित भएका रूख, लहराहरू सग्ला सग्ला देखिन्छन् । बेलुकीपख गएर हामीले हेऱ्यौं भने आकाशका चन्द्रमा, तारा त्यसभित्रको छायाँमा सिङ्गासिङ्गै देखिन्छन् । तर पानी हल्लिएको र चलायमान बनेको छ भने प्रतिविम्बित हुने सबै बस्तु खण्ड खण्ड बनेर टुक्रिएको अवस्थामा देखापर्दछन् । त्यसै गरी साधक अयुक्त छ भने इन्द्रियहरूको वेगलाई रोक्न नसकी भोगमा चलायमान बनेको छ भने बुद्धि पनि भावना पनि पूर्ण रूपमा विकसित हुन सक्दैन । खण्ड खण्ड बनेर टुक्रिएर जान्छ । अनि मनका सन्तुष्टि शान्ति सबै कुरा सल्वलिन पुग्दछन् र मानिसको सुखको सपना पनि सधैंको निम्ति चकनाचुर हुन पुग्दछ । सद्बुद्धि र सद्भावनाको उज्यालोमा परमार्थपथमा पूर्णता प्राप्त गरेर धन्य बन्न सक्ने कति कति मानिसहरू इन्द्रिय दास बनेर बीचमा नष्ट हुन पुग्दछन् । त्यसरी इन्द्रियहरूको अनियन्त्रित प्रवृत्ति भएमा जुन ठूलो नोक्सानी हुन्छ, त्यसबारे अब आउने श्लोकले बताउँछ–

इन्द्रियाणां हि चरतां यन्मनोऽनु विधीयते।
तदस्य हरति प्रज्ञां वायुर्नावमिवाम्भसि ।६७।

**अन्वयः** चरतां हि इन्द्रियाणां यत् मनः अनुविधीयते तत् अस्य प्रज्ञाम् वायुः अम्भसि नावम् इव हरति।

**सरलार्थः** शब्द, स्पर्श, रूप, रस र गन्ध यी पाँच विषयतिर निरन्तर दगुरिरहने इन्द्रियहरूको लगाम बन्न छोडेर मन पनि तिनको पछि पछि लागिदियो भने त्यसले पानीमाथि अगि बढिरहेको नाउलाई गन्तव्यको उल्टोतिर बग्ने हावाले उल्टैतिर लगिदिए जस्तै साधकको बुद्धिलाई पनि जीवनको लक्ष्य विपरीत अन्तै पुऱ्याइदिन्छ ।

**भावार्थचन्द्रिकाः** यस श्लोकमा नौका यात्राको दृष्टान्त दिएर इन्द्रियहरूको पछि लाग्ने मनले

विपरीत दिशातिर बहने हावाले नौकालाई विपरीत दिशामा पुऱ्याइदिएको कुरा बताइएको छ । यसबाट जीवनमा बुद्धिको स्थान समेत स्पष्ट भएको छ । कुनै जलीय क्षेत्रलाई पार गर्नमा नौकाको जुन योगदान रहन्छ, जीवनको लक्ष्य प्राप्तिमा बुद्धिको त्यस्तै योगदान रहन्छ । कठोपनिषद्मा एउटा सुन्दर रूपकको उल्लेख भएको छ । जसले जीवनको बहुपक्षीय रूपरचनातिर इङ्गित गर्दछ । जीवन स्वयंमा एउटा रथयात्रा हो । आत्मा रथमाथि बस्ने यात्री हो, शरीर रथ हो । बुद्धि त्यस रथको सारथि हो । मन घोडाहरूको लगाम हो । इन्द्रियहरू घोडा हुन्, शब्दस्पर्शादि विषयहरू तिनका चरन हुन् । यसरी आत्मा, बुद्धि, मन, इन्द्रिय यी सबैको समष्टि रूप नै भोक्ता हो भनेर बुद्धिमान्हरूले भनेका छन् ।

आत्मानं रथिनं विद्धि शरीरं रथमेव तु ।
बुद्धिं तु सारथिं विद्धि मन प्रग्रहमेव च ।

इन्द्रियाणि ह्यानाहुर्विषयां स्तेषु गोचरान्
आत्मेन्द्रियमनोयुक्तं भोक्ते त्याहुर्मनीषिणः ॥ (कठोपनिषद्)

बुद्धि त जीवन यात्राको सारथि हो । सारथि नै सद्दे भएन भने यात्राको के गति होला ? पहिले नै बुद्धिनाश भएपछि आफ्नै विनाश हुने कुरा (बुद्धिनाशात् प्रणश्यति) बताइसकिएको छ । यहाँ स्थितप्रज्ञ लक्षणको प्रकरण चलिरहेको हुनाले प्रज्ञा (बुद्धि) कै मूल्य र महत्त्व बारबार बताइँदै छ । संयमको ठूलो महत्त्व किन गाइएको ? किनभने संयमले बुद्धिलाई बिग्रिनबाट जोगाइदिन्छ ।

अयुक्त अथवा असंयमी व्यक्तिले भोग्ने दुष्परिणामको चर्चा बारे आउँदो श्लोकमा भगवान् भन्नुहुन्छ–

तस्माद्यस्य महाबाहो निगृहीतानि सर्वशः ।
इन्द्रियाणीन्द्रियार्थेभ्यस्तस्य प्रज्ञा प्रतिष्ठिता ।६८।

**अन्वयः** तस्मात् हे महाबाहो यस्य इन्द्रियाणि इन्द्रियाथैभ्यः सर्वशः निगृहीतानि तस्य प्रज्ञा प्रतिष्ठिता (भवति) ।

**सरलार्थः** त्यसैले हे महाबाहु अर्जुन ! जसका इन्द्रियहरू विषयहरूको आसक्तिबाट सबै प्रकारले हटाइएका हुन्छन्, त्यस्ता साधकको प्रज्ञा प्रतिष्ठित हुन्छ ।

**भावार्थचन्द्रिकाः** यहाँ संयमको प्रसङ्ग चलिरहेको छ । इन्द्रियहरूमाथि विजयी बन्नुपर्ने प्रेरणा भगवान् दिइरहनुभएको छ । त्यसैले भगवान्ले अर्जुनप्रति संबोधनका रूपमा प्रयोग गरेको महाबाहु शब्दको यहाँ ठूलो भूमिका छ । महाबाहु शब्दले शूरता, वीरता, जस्ता विशिष्ट गुणहरूतिर इङ्गित गर्दछ । भगवान् यहाँ अर्जुन भित्रको शूरतालाई स्थूल युद्धमा काम लाग्ने गरी मात्र होइन आत्मिक उन्नतिको आन्तरिक संघर्षमा पनि काम लाग्ने गरी उक्साउँदै हुनुहुन्छ ।

भगवान् भन्दै हुनुहुन्छ– 'अर्जुन ! तिमी त पराक्रमी छौ, शूर छौ, वीर छौ, त्यो पराक्रम, त्यो वीरता इन्द्रियहरूमाथि प्रयोग गर र संयमी र युक्त बन ।' जसका इन्द्रियहरूलाई विषयाशक्तिले तान्न सक्दैन, जो विषय उपस्थित हुँदा पनि तिनको आसक्तिबाट विचलित बन्दैन त्यही वास्तवमा वीर हो र धीर हो । त्यस्तै साधकको प्रज्ञा स्थिर भएर परम लक्ष्य रूप परमात्मामा अटल बनेर रहन सक्दछ ।

साधकले मानव जीवनको मूल्य सधैं सम्झनु पर्दछ । विषयभोग त अन्य प्राणीसमुदायमा पनि पाइन्छ । मनुष्य जीवन त खुला मुक्तिद्वार हो । साधनहरूको धाम हो । संसारी सुखमै नअलमलिई परमात्मासम्म पुग्न भनेर नै यो जीवन प्राप्त भएको हो । त्यस मूल लक्ष्यलाई बिर्सनु हुन्न भन्ने चेतना मनमा सधैं जागृत रहनु पर्दछ । यो जीवन परमात्माको वरदान हो । के हामीले सृष्टिको भूषण बनेको यो मनुष्य जीवन हामीलाई मिलोस् भनेर मागेका थियौं ? नमागीकन स्वयं नै कृपा गरेर भगवान्ले यो सुन्दर जीवन दिनुभएको छ । प्रभुको अकारणकरूणाको त्यत्रो वरदान पाएर हामीले परमात्माप्रति बैगुनी हुनुहुन्छ ? कृतज्ञतापूर्वक यस कुरालाई मनन गर्दै गर्नुपर्दछ । अनि कृतज्ञताको भाव सँगै जीवनको पूर्ण सदुपयोग गर्ने शुभ प्रेरणा मनमा जागृत हुन्छ र मानिस संयमको बाटोमा हिंड्न प्रेरित हुन्छ । जसको परिणाम सद्बुद्धि र सद्भावनाको उदय भई स्थितप्रज्ञ बनेर ऊ पूर्ण सफल जीवनको भागी हुन्छ ।

क्रमशः

(आचार्य खेमराज केशवशरण वि.सं. २०७४ साउन १८ गते स्वर्गारोहण हुनुभएको हो । उहाँले लेख्नुभएको र उहाँकै पारिवारिक श्रोतबाट प्राप्त भएको गीताको भावार्थचन्द्रिका हामीले गौरीका प्रकाशनमा क्रमशः प्रकाशित गरिरहेका छौं ।)

# श्रीरामकृष्ण तथा कर्मकाण्ड

*–श्री महेन्द्रनाथ गुप्त श्री 'म'*

**पुरुष-प्रकृति विवेक योग । राधा-कृष्ण को हुनुहुन्छ ?**

श्रीरामकृष्ण टहलिरहनुभएको छ, कहिले घरभित्र, कहिले घरको दक्षिणपट्टिको बरन्डामा, कहिलेचाहिँ घरको पश्चिमतर्फको गोल बरन्डामा उभिएर गङ्गादर्शन गर्नुहुन्छ । केही बेरपछि फेरि आफ्नो सानो खाटमा आएर बस्नुभयो । दिनको तीन बजिसकेको छ । भक्तगणहरू फेरि जमिनमा आएर बसे । श्रीरामकृष्ण सानो खाटमा चुपचाप बस्नुहुँदा घरी-घरी भित्तातर्फ हेरिरहनुहुन्छ । भित्तामा धेरै तस्बीरहरू छन् । श्रीरामकृष्णको बायाँतर्फ श्री वीणावादिनी सरस्वतीको तस्वीर छ । त्योभन्दा केही पर नित्यानन्द र गौराङ्ग भक्त समाजमा कीर्तन गरिरहेका छन् । श्रीरामकृष्णको सामुन्ने ध्रुव, प्रह्लाद र जगन्माता कालीको मूर्ति छ । दाहिनेतर्फको भित्तामा राजराजेश्वरीको मूर्ति छ । पछाडि इसाको तस्बिर छ, पिटर डुब्न लागिरहेछन् । इसाले उनलाई पानीबाट झिक्दै हुनुहुन्छ । एकाएक श्रीरामकृष्णले मास्टरलाई भन्नुहुन्छ, "हेर घरमा साधुहरू, संन्यासीहरूको फोटो राख्नु वेश हुन्छ । बिहानै उठेर अरूहरूको मुख हेर्नुभन्दा पहिले साधुहरू र संन्यासीहरूको मुख हेरेर उठ्नु राम्रो हुन्छ ।"

"भित्तामा अङ्ग्रेजी तस्वीरधनी राजारानीका तस्वीरहरू, रानीका छोराछोरीका तस्वीरहरू, कुइरेसाहब-मेम डुलिरहेका जस्ता तस्वीरहरू राख्नु रजोगुणीका लक्षण हुन् ।"

"जस्ताका सङ्गतमा रह्यो, उस्तै स्वभाव पनि हुन जान्छ । यसैले तस्वीरहरूमा पनि दोष हुन्छ । अनि मानिस जस्तो छ, त्यस्तै नै साथीसँगी खोज्छ । जो परमहंस हुन्, उनीहरू पाँच-छ सालका दुई-चारजना लड्काहरूलाई आफ्नो साथ राख्छन्, उनीहरूलाई आफूकहाँ बोलाउने गर्छन् । त्यस अवस्थामा बच्चाहरूको बीचमा घुलमिल गर्दा खुब सुहाउँछ । बच्चाहरू सत्व, रज र तम कुनै गुणका वशमा हुन्नन् ।"

"रूख देख्दामा तपोवनको सम्झना आउँछ, ऋषिहरूले तपस्या गरेको भाव जाग्न थाल्छ ।"

सिंतीका ब्राह्मण कोठामा आए । श्रीरामकृष्णलाई उनले प्रणाम गरे । उनले काशीमा वेदान्त पढेका थिए ।

श्रीरामकृष्ण– क्या हो, तिम्रो के खबर छ ? धेरै दिनपछि आयौ ।

पण्डित– (साहास्य) हजुर, गृहस्थीको कामले फुर्सद पाइएन, हजुर त जानिहाल्नुहुन्छ ।

पण्डितजीले आशनग्रहण गरे । उनीसँग कुराकानी भइरहेछ ।

श्रीरामकृष्ण– बनारसमा त धेरै दिन बस्यौ, के-के देख्यौ, केही भन त, दयानन्दजीका केही कुराहरू भन त ।

पण्डित– दयानन्दजीसँग भेट भएको थियो । हजुरले त देख्नुभएको थियो कि ?

श्रीरामकृष्ण– म हेर्न गएको थिएँ । त्यसबखत उनी एकापट्टिको एउटा बगैँचामा बसेका थिए ।

त्यस दिन केशव सेन आउने कुरा थियो । उनी चखेवा जस्तै उनका लागि पर्खिरहेका थिए । उनी ठूला पण्डित थिए । बंगभाषलाई गौराण्ड भाषा भन्थे । उनी देवता मान्थे तर केशवचाहिँ मान्दैनथे ।

"दयानन्द भन्थे, ईश्वरले यति चिजहरू बनाए त अनि देवता बनाउन सक्दैनन् र ? उनी निराकारवादी हुन् । कप्तान राम, राम भनिरहेको थियो । उनले उसलाई भने, 'बर्फी, बर्फी' भनेर किन रट्दैनौ ?"

पण्डित– काशीमा पण्डितहरूसँग दयानन्दको खुब शास्त्रार्थ भयो । सबै एकातिर थिए अनि उनी एकतर्फ । त्यसपछि

त मानिसहरूले यसरी दपेटे कि उनलाई भाग्नैपऱ्यो । सबै एक स्वरले भन्न लागे, 'दयानन्देन यदुक्तं तद्धेयम् ।'

"अनि कर्नेल अलकटलाई पनि मैले देखेथेँ । उनीहरू भन्छन्, उनी महात्मा पनि हुन् । र, चन्द्रलोक, सूर्यलोक, नक्षत्रलोक यी पनि सबै छन् । सूक्ष्म शरीर ती सबै स्थानहरूमा जान सक्छ, यस प्रकारका धेरै कुराहरू पनि भने । अँ, महाराज, यो विचार हजुरलाई कस्तो लाग्छ ?"

श्रीरामकृष्ण- "भक्ति नै एक मात्र सार वस्तु हो । ईश्वरको भक्ति । के उनीहरू भक्तिको खोज गर्छन् ? यदि यसै गर्छन् भने त वेश हो । यदि ईश्वरलाभ उनीहरूको उद्देश्य हो भने राम्रो हो । होइन खालि चन्द्रलोक, सूर्यलोक, नक्षत्रलोक र महात्मा आदि भनेर कोही बस्छ त ईश्वरको खोज यसरी हुन्न । उहाँको पादपद्ममा भक्ति हुनका लागि साधना गर्नुपर्छ, व्याकुल भएर उहाँलाई पुकार्नुपर्छ । अनेक वस्तुहरूबाट मनलाई तानेर उहाँमा लगाउनुपर्छ ।" यति भनेर श्रीरामकृष्ण रामप्रसादको गीत गाउन लाग्नुभयो ।

"मन ! अँध्यारोमा पागलसरि उहाँको तत्त्व-विचार तिमी किन गर्छौ ? उहाँ त भावको विषय हुनुहुन्छ, भावविना अभावबाट कतै उहाँ भेटिन सक्नुहुन्छ ? त्यही भावका लागि योगीजनहरू युग-युगान्तरसम्म तपस्या गर्छन् । भाव-उदय भएपछि त्यसले मानिसलाई त्यसै गरी समाउँछ, जसरी फलामलाई चुम्बक पत्थरले समात्छ ।"

"अनि चाहे शास्त्र भन, चाहे दर्शन भन, चाहे वेदान्त कतैमा उहाँ हुनुहुन्न । उहाँका लागि प्राणहरू विकल नभइकन केही हुन्न ।"

"षड्दर्शन, निगमागम र तन्त्रसार आदिबाट उहाँको दर्शन हुन्न । उहाँ त भक्ति रसको रसिक हुनुहुन्छ । आनन्दपूर्वक हृदयपुरमा विराजमान हुनुहुन्छ ।"

-क्रमशः

अनुवादक- प्रा.डा. शङ्कुरराज पन्त, मैतीदेवी

श्रीरामकृष्ण वचनामृतबाट अनुवादित


# श्रीरामकृष्णवचनसुधा

## नेपालीमा !

श्रीरामकृष्ण परमहंसको दैनिकीमा आधारित आध्यात्मिक ज्ञानको बहुउपयोगी पुस्तक 'श्रीरामकृष्णवचनामृत'को नेपाली संस्करण



श्रीरामकृष्ण वचनसुधा प्रकाशन भएको छ । पुस्तक प्राप्तिको निम्ति सम्पर्क गर्नुहोला-

**श्रीरामकृष्ण आश्रम, नेपाल**

ज्ञानेश्वर काठमाडौं,

मो. ९८६२५९६५७२


### चैत महिनाका पर्व तथा बिदा

१ गते मीन सङ्क्रान्ति

६ गते सामाजिक कार्य दिवस

७ गते आमलकी एकादशी/अन्तर्राष्ट्रिय खुशी दिवस

९ गते प्रदोष व्रत

११ गते फागु पूर्णिमा (पहाडी जिल्ला)/पूर्णिमा व्रत/विश्व क्षयरोग दिवस

१२ गते फागु पूर्णिमा (तराई बिदा)

१३ गते तेल लगाउने र आँपको मुजुरा खाने दिन/गणगौर पूजा प्रारम्भ

१९ गते दुँ दुँ च्याँ च्याँ (पशुपतिको निम्ता पूजा)

२० गते भौमाष्टमी व्रत/शीतलाष्टमी व्रत

२३ गते पापमोचनी एकादशी व्रत

२४ गते देवपत्तनमा देशोद्धार पूजा, शनि प्रदोष व्रत

२५ गते विश्व स्वास्थ्य दिवस

२६ गते घोडेजात्रा (काठमाडौँ उपत्यकालाई बिदा)/सोमबारे औंसी

२७ गते तेल लगाउने र नीमको पात खाने दिन

२८ गते बत्सलेश्वरी जात्रा समाप्ति

२९ गते मत्स्य जयन्ती व्रत/मत्स्यनारायण मेला/गौरी व्रत

# नेपाल हिन्दुराष्ट्र हुनै पर्ने औचित्य



प्रा.डा. ऋषिराम पोखरेल

## १. सनातन हिन्दु धर्म, हिन्दुराष्ट्रको पृष्ठभूमि र औचित्य

१.१ संसारमा सबैको आ-आफ्नो अस्तित्व र पहिचान हुन्छ। परापूर्वकाल वा सृष्टिको बिहानदेखि नै विश्वको सर्वोच्च हिमशिखर, विश्व कल्याणका निमित्त तपोरत गौरी शङ्करको संरक्षण प्राप्त हिमशिखरमा, विश्वको एकमात्र स्वतन्त्र, यो देश हिन्दुराष्ट्र नेपालको रूपमा विश्वरंगमञ्चमा परिचित हुँदैआएको कुरा सबै बुद्धिजीवी मान्छेलाई अवगत भएकै कुरा हो । विश्वको चर्चित १७२ प्रमुख राष्ट्रहरू मध्ये १५८ राष्ट्र धर्मसापेक्ष नै देखिन्छन् र ती सबैको आपनो स्वतन्त्र छवि र पहिचान कायम राख्न त्यहाँका जनता, जनप्रतिनिधि, सरकार, शासक एवम् प्रशासक हरतरहले लागिपरेको कुरा घामझैं छर्लङ्ग छ ।

१.२ आदरणीय स्वामी चन्द्रेशज्यूबाट प्रकाशित शंखघोष (द्वितीय संस्करण ०६६ फागुन) अनुसार इस्लामिक (धर्म सापेक्ष) राष्ट्रहरू ४९ छन् । यी मध्ये केही राजतन्त्रात्मक बाँकी ईस्लाम गणतन्त्र छन् । यसैगरी रोमन क्याथोलिक राष्ट्रहरूः ६६, वाप्टिष्ट र ग्रीक अर्थोडक्स धर्म मान्ने राष्ट्रहरू ६ रहेका छन् । यस्तै एडलिकन चर्च धर्म मान्ने राष्ट्र ६, ईशाई क्रिश्चियन राष्ट्रहरू १७, प्रोटेस्टेण्ट धर्मावलम्बी राष्ट्रहरू ६, र बुद्ध धर्मावलम्बी राष्ट्रहरू ६ रहेका छन् ।

१.३ यसरी हेर्दा विश्वमा एकमात्र स्वतन्त्र हिन्दुराष्ट्र नेपालमात्रै रहेको स्पष्ट हुन्छ । उपर्युक्त देशहरूमा अन्य धर्म मान्ने संख्या भए पनि त्यहाँ बहुसंख्यक जनताको चाहना अनुसार धर्मसापेक्ष राष्ट्र भएका छन् र यी बाहेक अन्य देश पनि धर्मसापेक्ष राष्ट्रहरू नै भेटिन्छन् भने निरपेक्ष भएर साम्प्रदायिक दंगा परिरहने भारत मात्रै हो । माओको सांस्कृतिक क्रान्तिका बाबजूद पनि चीन बुद्धधर्मावलम्बी राष्ट्रमा नै पर्छ र सरकारले त्यसको संरक्षण समेत गर्दै रहेको छ ।

१.४ नेपालमा विगत २०६३ मा प्रतिस्थापित प्रतिनिधिसभाको निर्णयले नेपालको सनातनदेखिको आफ्नो छवि र पहिचान बोकेको विश्वको एकमात्र स्वतन्त्र हिन्दुराष्ट्र नेपाललाई जनादेश वा जनमतको वास्तै नगरी कुनै पूर्वचिन्तन र छलफलै नगरी मनोमानी ढंगले अकस्मात् धर्मसापेक्ष राष्ट्र नेपालको इतिहासलाई बिर्सेर नेपाललाई 'धर्म निरपेक्ष राष्ट्र' भनी घोषणा गरेर, विश्वको सवा अरब हिन्दुको आस्था र विश्वासको अनादर गरेको छ । नेपालको आफ्नै पहिचान, बनौट, मौलिकता, परिवेश, जनचाहना र बहुजनहिताय बहुजनसुखाय भन्ने लोकतान्त्रिक, प्रजातान्त्रिक पक्षलाई पुनःस्थापित प्रतिनिधिसभाले लत्याएको अनुभव राष्ट्रले गरेको छ र यस कुराले बहुमतको अनादर गर्दै मौलिकअधिकारको हनन गरेको छ । जसले गर्दा विश्व अदालत हेग स्थित अन्तराष्ट्रिय अदालतको ढोका घचघच्याउनु पर्ने भएको छ ।

१.५ यही कारणले धर्मसापेक्षता किन ? कसको लागि ? र कसरी ? भन्ने कुराको बहस आवश्यक भएको छ । वास्तवमा अहिले धर्म, भाषा र जातको आधारमा राष्ट्र टुक्रा हुने खतरा बढेको छ । दुईतिरका बलिया दुई ढुङ्गाका बिचमा परेको यस राष्ट्रको अस्तित्व मेटिएला कि भन्ने डर पैदा भएको छ । तसर्थ यस्तो खतरा बढाउने धर्मनिरपेक्षता चाहिएको छैन । धर्म, नैतिकता तथा सच्चरित्रद्वारा नै सबै जनतालाई स्वधर्म, स्वकर्म र स्वराष्ट्रको अखण्डता र एकताका निम्ति समर्पित हुने र जनतालाई प्रेरित गर्ने सुयोग्य नेताको अगुवाईमा राष्ट्रको भौतिक, सामाजिक समुन्नति र सर्वाङ्गीण विकाशमा सबै शक्ति लगाउनुपर्ने भएको छ । यहाँका हिन्दु साधुसन्तको हत्या हुँदा, बटुक र किरियापुत्रीका जनै टुप्पि काटिदिंदा पनि विरोधको आवाज

नदिने नेता, पत्रकार, मानवाधिकारकर्मी, तत्कालीन पङ्गु राजसत्ता शासन विदा भएर गएक जनमतद्वारा आफै परिवर्तित हुने कुरामा हामी विश्वस्त छौं ।

१.६ राजा र सनातन धर्म एक अर्काका पूरक होइनन् । अराजकताको अर्थ राजा नभई हुँदैन भन्ने कुरा होइन । शान्ति, सुव्यवस्था नभएको देश नहोस् अर्थात् राष्ट्रमा मुख्याई, बल-प्रयोग, लूट, हत्या, हिंसा, अन्याय, पक्षपात र अपहरणको अवस्था नहोस् भन्ने अर्थमा राष्ट्रमा शासक वा सरकार चाहिन्छ भन्ने विश्वास सनातन धर्मले राख्दछ । राजा नरहे पनि धर्मराष्ट्र रहन्छ तर राष्ट्र नरहे राजामात्र होइन सरकार राजनेता, नेता, शासक, प्रशासक समेत सबै मेटिन्छिन् भन्ने कुरामा सनातन हिन्दुधर्म विश्वास गर्दछ । राजा जाँदा सनातन धर्म राजासँगै सती जाँदैन । राजाको पर्याय वा राज संस्थानै चाहिन्छ भन्ने कुरा सनातन हिन्दु धर्मले विश्वास गर्दैन, बरू राजा नरहोस् तर धर्म सापेक्षितता रहोस् । जनताले आपसमा आ-आफ्नो धर्म र कर्तव्य पालना गरी प्राचीन आदर्श धर्मराज्यको रूपमा यो राष्ट्रलाई शान्ति, सुव्यवस्था र समुन्नति दिन सनातन हिन्दुधर्मले आह्वान गरेको छ । यो राष्ट्रलाई अखण्ड राख्न चाहने हामी धर्मप्रेमी जनता धोका चाहदैनौं । धर्म चाहिन्न भन्ने हाम्रा दिग्भ्रान्त नेता, शासक, प्रशासक र विवेकशील सभासदहरूले राम्ररी मनन गर्नु अत्यावश्यक भएको छ । यसबारे महाभारत भन्दछ–

न राज्यं न च राजासीत् न दण्ड्यो न च दाण्डिकः ।
धर्मेणैव प्रजाः सर्वा पाल्यमानाः परस्परम् ॥

अर्थात् सृष्टिको प्रारम्भिक समयमा सबै धर्म गर्दथे, सदाचारी थिए । राजा पनि थिएन । न दण्ड गर्नुपर्ने कोहि थियो । न त दण्डधारी कोहि व्यक्ति नै थियो । किनभने सबै जनताहरू आ-आफ्नो सदाचार, नैतिकता, इमान्दारी, वफादारी, जिम्मेबारी, समझदारी, सह-अस्तित्व, सहयोग र सद्भावनाद्वारा स्वचालित रूपमा स्वकर्तव्य पालना गर्दथे । अतः उक्त समयमा सबैलाई स्वधर्म र स्वकर्मले नै शान्ति, सेवा, सुरक्षा र पुष्टि दिन्थ्यो ।

१.७ सृष्टिको आरम्भदेखि नै स्वतःस्फुर्त वेदबाट अनुप्राणित सनातन धर्मको यही उदात्त चिन्तन र व्यावहारिक आदर्श जीवनचर्याले विश्वमा विवेकशील वैज्ञानिक बुद्धिजीवी एवम् मननशील मानवजगत्लाई आज पनि सनातन धर्म एवम् यसका मूलस्रोत वैदिकवाङ्मय तथा अमरभारती (संस्कृत) विद्यासागरमा डुबुल्की मार्न अभिप्रेरित गरिरहेको छ । योग, प्राकृतिक चिकित्सा, आयुर्वेद, ज्योतिषविज्ञान र यज्ञविज्ञानका अध्ययन अनुसन्धानका साथै सनातन हिन्दु शास्त्रका ६४ कला, विद्या र शिल्प आर्जन गर्न करोडौं अर्थराशि खर्चन जर्मनी, अमेरिका, बेलायत, फ्रान्स आदि राष्ट्रलाई तछाडमछाडको दौड गर्न आकर्षित गरेको छ । यसैका उदाहरणहरू क्यालिफोर्नियाको आयुर्वेद विज्ञान प्रतिष्ठान, वाशिङ्गटनको अग्निहोत्र विश्वविद्यालय, संस्कृतग्राम आदिको स्थापना, परिचालन र परिकल्पनालाई हेर्न र मनन गर्न सकिन्छ ।

१.८ यी सबै कारणले गर्दा सनातन हिन्दुधर्म र दर्शनभित्रका समग्र ज्ञानविज्ञानका सागर बोकेको संस्कृतवाङ्मय, संसारको सबैभन्दा ठूलो, अपार ज्ञानकोष मानिन्छ भने करोडौ वर्षमा पनि १ मात्रा फरक नपर्ने अजर अमर भएकोले संस्कृतभाषालाई अमरभारती, देववाणी तथा अमृतभाषा मानिंदै आएको छ र स्वयं संस्कृत नजान्ने नबुझ्नेहरूले फ्याउरोले नै अंगूर अमिलो छ भन्दै आफ्नो असफलतालाई ढाकछोप गर्न संस्कृतलाई मृतभाषा, संकीर्ण भाषा, सामन्ती भाषा आदि नानाथरि आक्षेप दिने गर्दछन् । चन्द्रमाको उज्यालोले गर्दा चोर्न पाइएन भन्नेहरू र यत्ति निभे लुटमार गर्न पाइन्थ्यो भन्नेहरू तथा अराजकता भए कमीशन खोरी भए, कालो बजारी, मारपिट हिंसा र थिचोमिचो गर्न पाइन्थ्यो भन्नेहरूलाई नैतिकता सदाचारको उज्यालो स्वधर्म, स्वकर्तव्य, इमान्दारी, समझदारी, बफादारी, सद्भावना, अहिंसा, सत्य, दया, करूणा, मैत्री लगायत धृति, क्षमा आदि १० वटा विश्वमानव धर्मको उपदेश दिने वैदिक तथा संस्कृतवाङ्मय तथा सत्यं, शिवम् र सुन्दरम्को उपासनामा समर्पित सादा जीवन उच्चविचारको सन्देश दिने सनातन हिन्दुधर्म मन नपर्नु स्वभाविकै हो तापनि चोरलाई मनपर्छ भन्दैमा प्रकृतिले सधैं रात नपारे प्रकृतिरूपी सर्वसाधारण जनताले धर्मको उपेक्षा गरेर जे मन लाग्यो त्यही गर्न, आज यो दलमा भोलि ऊ दलमा फसेर जता सत्ता, प्रतिष्ठा र धनसम्पति पाइन्छ उतै लाग्नेलाई, जो सामु पुग्यो उसैको चाकडी गर्ने, चाप्लुसी गर्नेलाई सरकारलाई अस्थिर पारी कालाबजारी र मनपरि भाउ व्यापार गर्नेलाई १० तिर कक्षा लिई तलब भत्ता ठगेर ट्युसन सेन्टरमा बोलाई, गेसपेपर

बेच्नेलाई, नुन र सुनको भरमा कानूनको अर्थ लगाउनेलाई, सत्यतथ्य कुरालाई ढाकछोप गरी उल्टो सुल्टो पारी खबर दिनेलाई ३ मा लिएर ३० मा बेच्न पल्केको कसौडिलाई, एक दुई हजार पाल्तुलाई २०/३० जिल्लामा हल्ला गर्न लगाई जनताको आवाज हाम्रातिर छ भनी धाक दिनेलाई, अनि बम, दम र दामले, जितेर हामी जनप्रतिनिधि हो भन्नेलाई प्रकृतिरूपी जनताले चिनी सक्या छन् । अब जनमतमा जान ती सबै डराएर हैकम र हुकुम चलाई नयाँ नयाँ राजा बनी राज गर्ने सपना देखेर विदेशी धन, पद र पैसामा नानाथरि नाँच नाच्दैछन् । यसो भन्न मन लागे पनि मारी पो हाल्छ कि भनी आटिहाल्न पनि कतै शहिद बनिने त होइन भनी डराउनु पर्ने स्थिति धर्मनिरपेक्षता चाहनेहरूले नै सिर्जेका हुन् । यतिखेर साँचो कुरा भन्न पनि हिचकिच्याउने अवस्था आएको छ । यिनै सबै बिषम् परि स्थिति हटाई यस देशमा शान्ति सुव्यवस्था ल्याएर चौतर्फी विकाश (अर्थात् धर्म, अर्थ, काम र मोक्षमार्गको समुन्नति) गर्न, विश्वको एकमात्र स्वतन्त्र सार्वभौमसत्ता सम्पन्न, सनातन हिन्दुराष्ट्रका रूपमा प्रतिस्थापित पुनःस्थापना गर्नु तमाम सर्व साधारण नेपालीको चाहना हो । प्रजातन्त्रमा जनमतको कदर गर्नुपर्ने कुरा विश्वले स्वीकारेको छ तर यहाँ अर्को हाँडीगाउँको जात्रा देखाएको भैंं भएको छ ।❖

– गोकर्णेश्वर न.पा-१ सुन्दरीजल, काठमाडौं


**श्रीमद्भगवद्गीता माता प्रकाश एवम् श्री विष्णु सहस्रनाम किताव**

बजारमा आइसकेको छ ।

मूल श्लोक सहित सरल नेपाली श्लोकार्थ भएको पुस्तक अवश्य पढ्नुहोला । ज्यादै उपयोगी छ ।

**पाइने ठेगाना**

**आर.डी. बुक्स भोटाहिटी**

**काठमाडौं, टेलिफोन: ०१-४२५२३२०**


## स्वामी विवेकानन्दका कल्याणकारी उपदेशहरू

- शिक्षा जानकारीको थुप्रो होइन, जो दिमागमा थुप्रिएर गडबड मच्चाइरहोस् । ती विचारको अनुभूति गर्नु आवश्यक छ जो जीवन निर्माण, मनुष्य निर्माण र चरित्र निर्माणमा सहायता होस् । छानिएका विचारलाई आत्मसात गरी आफ्नो जीवन तथा चरित्रको निर्माण गर्न सकेमा पुस्तकालय कण्ठ गरेभन्दा पनि अधिक शिक्षित होइन्छ । यदि शिक्षाको अर्थ जानकारी मात्र हुन्थ्यो भने पुस्तकालय संसारमा ठूलो सन्त र विश्वकोष महान् ऋषि बन्ने थियो ।
- मानिसको अन्तर हृदयमा अन्तर्निहित दैवी सत्ताको व्याप्तता नै धर्म हो ।
- जहाँ विज्ञानको क्षेत्र टुंगिन्छ त्यहीँबाट धर्म क्षेत्र शुरू हुन्छ ।
- धर्म गफ र तर्क होइन, आत्मा र परमात्मा मिलाउने भगवान् स्पर्श गर्ने अनुशासन हो ।
- क्राइष्ट र बुद्ध हुने सामर्थ हामीमा पनि छ किनकि हामी पनि अमृतस्य पुत्र हौं ।
- सबै धर्मले हामीलाई भगवान्तिर लैजान्छ, सबै हाम्रा दाजुभाइ, दिदीबहिनी हुन् । प्रेम सबैसँग गरौं ।
- तिमी अजर आत्मा हो, अनन्त शक्तिको भण्डार, आफूलाई शरीर ठानेर व्यक्तित्व संकुचित नगर ।
- संसारमा हिन्दुधर्म जस्तो महान् धर्म अर्को छैन; जसले समानता महानता, अमरत्वको ज्ञान दिन्छ । गर्वका साथ भनौं हामी हिन्दु हौं ।
- ब्रह्मचर्यको अभावमा सबैको सबै कुरा नष्ट भयो । एकमात्र ब्रह्मचर्यको ठिकसँग पालना गरियो भने सबै विद्या थोरै समयमा प्राप्त हुन्छ । मानिस, प्रज्ञाधर, श्रुतिधर र स्मृतिधर बन्न जान्छ ।
- प्रार्थना र शुभसंकल्प विना माता पिताले सन्तानको उत्पति गर्छन् भने त्यो बालक अनार्य भएर समाजको लागि भार बन्छ । माता पिताको निर्मल प्रार्थनाले जन्म लिएको बालकलेनै परिवार, समाज राष्ट्र र विश्वको कल्याण गर्दछ ।
- जोसँग परमात्मासँग खुसी हुनुहुन्छ उसलाई सदबुद्धि प्रदान गर्नुहुन्छ । सदबुद्धि प्राप्त भएपछि सबै प्रकारको सुखहरू प्राप्त हुन्छ । गायत्रीमन्त्र सदबुद्धिको मन्त्र हो, त्यसैले यसलाई मन्त्रहरूको मुकुटमणि मानिएको छ ।❖

## भगवान् विष्णुको

# विनयशीलता



-भागवतश्री न्यौपाने

महर्षि भृगु ब्रह्माका मानसपुत्र थिए । उनको पत्नीको नाम ख्याति थियो, जो दक्षकी छोरी थिइन् । महर्षि भृगु सप्तर्षिमण्डलका एक ऋषि हुन् । श्रावण र भाद्र महिनामा उनी भगवान् सूर्यको रथमा आरूढ हुन्छन् ।

कुनै समयको कुरा हो, सरस्वती नदीको किनारमा ऋषिमुनीहरू भेला भएर ब्रह्मा, विष्णु र शिव यी तीन जनामा सबैभन्दा ठुलो को हुन् भनेर चर्चा गरिरहेका थिए । तर कुनै पनि निष्कर्ष ननिस्किएको कारणले ऋषिहरूले यी त्रिदेवको परीक्षा लिने निर्णय गरे । उनीहरूले ब्रह्माजीको मानसपुत्र भृगुलाई यस कार्यको जिम्मेवारी दिए ।

महर्षि भृगु सर्वप्रथम ब्रह्माजी भएको ठाउँमा पुगे । उनले ब्रह्मालाई न प्रणाम गरे, न उनको स्तुति नै गरे । त्यो देखेर ब्रह्माजी क्रोधित भए । क्रोधले गर्दा उनको मुख रातोपिरो हुन थाल्यो । आँखाहरू फर्फर गर्न थाले । तर पनि भृगु आफ्नै छोरा हुन् भन्ने सम्झेर ब्रह्माले आफ्नो क्रोधलाई विवेकपूर्वक बशमा राखे ।

त्यहाँबाट महर्षि भृगु कैलाश पुगे । भृगु ऋषि आएको जब देवादिदेव महादेवले देख्नुभयो, आफ्नो आसनबाट जुरुक्क उठेर अँगालो मार्न दुबै हात फैलाउनुभयो । तर महादेवको परीक्षा लिनका लागि भृगु ऋषिले महादेवको वेवास्ता गर्दै भन्नुभयो- 'हे महादेव ! तपाई सधैं वेद र धर्मको मर्यादा उल्लंघन गर्नुहुन्छ । तपाईले दुष्ट र पापीहरूलाई जे बरदान दिनुहुन्छ, त्यसबाट यो सृष्टिचक्रमा धैरै व्यवधान आइरहेको छ । त्यसैले म तपाईको स्वागत स्वीकार्न सक्दिन ।'

भृगुऋषिको कुरा सुनेर महादेवलाई अत्यन्तै रिस उठ्यो । उहाँले त्रिशुल उचालेर भृगुऋषितर्फ के प्रहार गर्न लाग्नुभएको थियो, भगवती सतीले बल्लबल्ल महादेवलाई रोक्नुभयो । भृगु त्यहाँबाट डराउँदै हतारहतार वैकुण्ठतर्फ जानुभयो ।

वैकुण्ठमा सृष्टि पालनकर्ता श्रीविष्णु देवी लक्ष्मीको काखमा शिर राखेर शयन गरिरहेको बेला भृगु ऋषि पुग्नुभयो । पुग्ने बित्तिकै भृगुले विष्णु भगवान्को छातीमा लात्तीले प्रहार गर्नुभयो । त्यतिबेलै भगवान् विष्णु आफ्नो शयनबाट उठी भृगुलाई प्रणाम गरी भन्नुभयो- 'भगवन् ! मेरो कठोर छातीमा यहाँको यस्तो कोमल पाउ पर्दा कतै चोट त लागेन ?' कृपया मेरो आसनमा विश्राम गर्नुहवस् । मलाई यहाँको आगमनको कुनै जानकारी थिएन । त्यसैले मैले उचित सत्कार गर्न सकिन । हजुरको चरणको स्पर्शले तीर्थक्षेत्रहरू पनि अझ पवित्र हुन्छन् । हजुरको चरणस्पर्श पाएर आज म धन्य भएको छु ।

भगवान् विष्णुको यस्तो हार्दिकतापूर्ण व्यवहार देखेर भृगुऋषि भावविभोर भए । उनले विष्णु भगवान्लाई प्रणाम गर्दै अरू ऋषिमुनिहरू भएको ठाउँमा आइपुगे र ब्रह्मा, विष्णु र शिवसँग भएका सम्पूर्ण घटनाहरू सविस्तार सुनाए । उनको कुरा सुनेर सबै ऋषिमुनिहरूको सन्देह समाप्त भयो । त्यसैबेलादेखि ऋषिहरूले भगवान् विष्णुलाई सर्वश्रेष्ठ मानेर पूजा गर्न थाले ।❖

-सेतोपुल, काठमाडौं

**आफ्ना वरपर छरछिमेकमा हुने धार्मिक एवम् सांस्कृतिक कार्यक्रम या मेला, पर्व, जात्रा, उत्सव आदिका बारेमा कुनै लेख, रचना, सूचना/निमन्त्रणा आदि प्रकाशन गर्नुपरेमा सम्पर्क गर्नुहोला !**

**इमेलः** masikgauri@gmail.com

# जगद्‌गुरू महाराजश्री र कुम्भमेला

–सहप्रा. डा. विनुबाबा अर्याल

वैदिक सनातन धर्मका सयौं विशिष्ट विद्वान्हरूको १४० वर्ष पुरानो आधिकारिक संस्था काशी पण्डित सभाको औपचारिक निर्णयबाट वि.सं. २०६७ वैशाख १ गते ३३ वर्षको उमेरमा स्वामी बालसन्त मोहनशरण देवाचार्य जगद् गुरूको उपाधिद्वारा विभूषित हुनुभएको हो। वैदिक सनातन धर्मका आधारस्तम्भ जगद्‌गुरूको जन्मभूमि नेपालको पूर्वी भाग मेची अञ्चल, झापा जिल्लाको बुधवारे हो। २०३३ सालको बालाचतुर्दशीको रातमा जन्मनुभएका जगद्‌गुरु महाराजश्रीले २५ वर्षको कलिलै उमेरमा नेपालको वराह

क्षेत्र सुनसरीस्थित चतराधामलाई प्राचीन हरिद्वार भएको कुरा सिध्द गर्दै उक्त ठाउँमा पहिलेपटक विश्वको पाँचौं कुम्भमेलाको आयोजना गराउनुभयो। काशी लगायत विश्वका विशिष्ट धर्माचार्य एवम् आधिकारिक वैदिक सत्सम्प्रदायका जगद्‌गुरूका बीचमा शास्त्रार्थ गराई उक्त कुम्भलाई अनुमोदनका साथै स्थापित गराउन सफल भएपछि नै काशी पण्डित सभाले जगद्‌गुरूको उपाधि स्वीकार गर्न आग्रह गर्‍यो। त्याग तपस्या शास्त्रको गरीमामय ज्ञानले विभूषित भएर सम्पूर्ण समुदायलाई सत्मार्गतर्फ अग्रसर गराउने पथप्रदर्शकले मात्र जगद्‌गुरूको उपाधिले विभूषित हुन सक्छ। सो अनुरूप उहाँ त्यस उपाधिको हकदार भै आसीन हुनुभएको छ। जो हामी नेपाली र हाम्रो देश नेपालको लागि गर्वको विषय भएको छ।

वि.सं. २०५९ सालमा नेपालमै पहिलो पटक कुम्भ मेला लाग्यो। २०६३/६४ मा अर्धकुम्भ र पुनः २०७०/७१ मा दोश्रो पूर्ण महाकुम्भ लगाउनुभयो। यसरी जगद्‌गुरू महाराजश्रीले यस्तो सत्‌कार्यको थालनी नगर्नुभएको भए आजसम्म सम्भव थिएन। उहाँ त नेपालको मात्र हैन विश्वकै गर्व र गरिमा हुनुहुन्छ।

भारतमा शंकराचार्यले देशको गरिमा प्रतिष्ठा बढाउन नासिक, हरिद्वार, प्रयाग र उज्जैनमा कुम्भ मेला लगाउनु भएको थियो। नेपालमा पनि जगद्‌गुरू बालसन्त महाराजश्रीको एक्लो प्रयाससमा पहिलो, दोश्रो महाकुम्भ सफलतापूर्वक सम्पन्न भई तेस्रो महाकुम्भ यही २०८० चैत महिनाको २७ गतेदेखि शुरू भई २०८१ बैशाख महिनाको २८ गते अक्षय तृतीयासम्म सञ्चालन हुन गइरहेको छ। यो नेपाल र नेपालीहरूको लागि गौरवको विषय हो। राष्ट्रिय अखण्डता, एकता, सहिष्णुता तथा सामाजिक सद्भावलाई अभिवृद्धि गर्न र राष्ट्रको आन्तरिक एवम् अन्तराष्ट्रिय धार्मिक पर्यटनको अभिवृद्धि गर्न पनि यस्ता मेला र स्थानको विशेष महत्त्व हुन्छ।

कुम्भस्नान तथा मेलाले नानादि धर्मादिकृत्यद्वारा पापको नाश र पुण्यको अभिवृद्धि हुन्छ र पृथ्वीको भार हल्का हुन्छ। आफ्ना अनेकानेक सत्कर्मद्वारा पृथ्वीलाई



सुख प्रदान गर्ने, पृथ्वीको तेजमान बढाएर प्रकाशमान बनाउने पर्व या उत्सव विशेषलाई कुम्भ भनिन्छ ।

कुम्भ अर्थात् कलश जुन पाँच प्रकारका हुन्छन् । जसमा स्वर्ण, रजत, ताम्र, पित्तल एवम मृत्तिकाको मिश्रण गरिएको हुन्छ । स्वर्ण कुम्भबाट ठूला ठूला यज्ञ अनुष्ठान सम्पादन गरिन्छ भने अन्य धातु, रजत, तामा, मृत्तिका आदिबाट मध्यम, सामान्य यज्ञ हुने गरेको पाइन्छ । कुम्भपूजा हरेक धार्मिक कार्यमा गरिन्छ । कुम्भमा सम्पूर्ण देवता, नदी, तीर्थ आदिको वास हुन्छ । शुभ कार्यमा कुम्भ स्थापना हाम्रो परम्परा बनेको छ । हामी दशैं, तिहार, दीपावली, छठ आदि जस्ता पर्वमा कुम्भ पूजा गर्दछौं । कुम्भको जल सेचन गर्नाले सुख, समृद्धि, शक्ति, ऐश्वर्य प्राप्त हुन्छ । कुम्भको महिमा ठूलो छ । कुम्भ अर्थात् धैर्य, दृढ संकल्प, ज्ञानको पूर्णता आदि भनिन्छ । ज्ञान कुम्भबाटै वशिष्ठ ऋषि र अगस्त्य ऋषिको उत्पत्ति भयो र पछि दुवै ऋषि भगवान् श्रीरामको गुरू बन्नुभयो । महाकुम्भ मेलामा साधुसन्त, योगी संन्यासी धर्माचार्यहरूको विशेष भूमिका हुनाले पनि कुम्भको विशिष्टता छ ।

वैदिक कालदेखि नै देवता र दानवहरूको बीचमा द्वन्द्व चलिआएको छ । दानवहरू शक्तिशाली र देवताहरू कमजोर हुँदै गएकाले दानवहरूले देवताहरूलाई सधैं दुःख दिइरहने भएकोले देवताहरूलाई बचाउन भगवान् विष्णुले अमृतपान गरेर शक्तिशाली र अमर हुने सल्लाह दिनुभयो । सोही अनुसार देव दानव दुवै मिलेर (संयुक्तरूपमा) समुद्र मथन गरेर त्यसबाट प्राप्त हुने अमृतपान देवताहरूलाई गराई उनीहरूलाई शक्तिशाली गराउन अमृत मथनको प्रकृया शुरू भयो ।

मन्दराचल पर्वतलाई मदानी, वासुकी नागलाई नेती बनाई मन्दराचल पर्वतको फेदमा स्वयं भगवान् कूर्म रूपमा रहेर पर्वतलाई धारण गरी विष्णुरूप बाहुहरूद्वारा मन्दराचल पर्वतलाई घुमाई समुद्र मथन प्रारम्भ भयो । मथन गर्दा समुद्रबाट सर्वप्रथम हलाहल विष निक्ल्यो । सो विष भगवान् शङ्करले पिउनु भयो । त्यसपछि समुद्रबाट अनेक रत्नहरू निस्कदै गरेको सन्दर्भमा भगवान् श्रीधन्वन्तरी प्रकट हुनुभयो । जसको हातमा पूर्ण अमृत कलश थियो । त्यस अमृत कलशलाई इन्द्रको छोरा जयन्तले देवताका प्रेरणाद्वारा लिएर भाग्यो । पछि दैतयहरू पिछा गर्दै जाँदा त्यस अमृत कलश दैत्यको हातमा पर्न गयो । दुवैले गरेको लुछाचुँडीको बीचमा भगवान् पुरुषोत्तमले दैत्यहरूलाई मोहित गर्ने उद्देश्यले मोहिनीरूप धारण गरी देवताहरूलाई

अमृत बाँढ्नुभयो । देवता र दैत्य कुम्भ कलश बोकेर तानातान गर्दा जहाँ जहाँ कलशबाट अमृतको थोपा खस्यो त्यहाँ कुम्भ पर्व भनेर बताइएको छ । अब कहाँ कहाँ कलशबाट अमृत खस्यो त भन्दा-

विष्णुद्वारे तीर्थराजेऽवन्त्यां गोदावरी तटे

सुधाविन्दु विनिक्षेपात् कुम्भपर्वेति विश्रुतम् ।

विष्णुद्वार भारतको हरिद्वार, तीर्थराज प्रयाग, अवन्तिकापुरी साथै गोदावरी तट गरी चार स्थानमा पहिलादेखि अमृत खसेको र ती स्थानमा कुम्भ भनेर विख्यात छ । यस श्लोकले नेपालको प्राचीन हरिद्वार चतराधाममा कुम्भको प्रसङ्ग नजोडे पनि जगद्‌गुरू महाराजजी वराहक्षेत्र चतराधामको कुम्भ पर्वको वास्तविक प्रमाण पेश गर्ने श्रीमत्स्कन्द महापुराणको हिमाद्रि खण्ड अध्याय १२ को श्लोक संख्या ३५ देखि ३८ सम्मको श्लोकलाई प्रमाणको रूपमा पेश गर्नुहुन्छ ।

जब भगवान् विष्णु मोहिनीरूप धारण गरेर देवताहरूलाई अमृत बाँढ्न लाग्नुभएको थियो, त्यसबेला बाँढ्न लागेको अमृत कलशको घडालाई मोहिनीरूप भगवान्‌ले हेर्नुभयो । हेर्दा त त्यो कुम्भ घडाको अमृतमा माथिपट्टि ढपक्क तर लागेर अमृत जमेको रहेछ । त्यस अमृतको सुन्दरतालाई देखेर मोहिनीरूप भगवान्‌ले विचार गर्नुभयो कि यस अमृतको सार 'तर'लाई त देवतालाई दिनु हुँदैन । यसलाई अलग्गै राखेर अमृत मात्र बाँढ्नु पर्दछ-

तदा तदमृतं दवः कत्वा वस्त्रेण गासितम्

पिष्टिं निष्कास्य निक्षिप्य पाययामासतान् सुरान् ॥३५॥

त्यस अमृतलाई उनै भगवान् मोहिनीरूप विष्णुले छानेर अमृतको तरलाई बाहिर निकालेर एउटा पवित्र स्थानमा राखी ती देवताहरूलाई अमृतपान गराउनुभयो ।

ततस्तु तां सुधापिष्टिं गृहीत्वा त्रिदशास्तथा ।

पिण्डिकृत्य प्रहुष्टास्ते लिंगं चक्ररनुत्तमम् ॥३६॥

तल्लिगं स्थापयामासुस्तस्मिन् रुद्राक्षकानले ।

स्थापयित्वा ततो लिंगं पूजयामासुरादरात् ॥३७॥

नाम चक्रे ततस्तस्य पिण्डेश्वर इति प्रभो ।

सुधापिण्डीकृतो यस्मात् पिण्डेश्वर इति स्मृत ॥३८॥

त्यसपछि त्यो पहिला नै निकालेर राखेको अमृतको पनि तर या सारलाई लिएर देवताहरूले एउटा पिण्डरूप शिवलिङ्ग बनाए । त्यस अमृतको सारबाट निर्मित शिवलिङ्गलाई सबै वनहरूभन्दा सर्वोत्तम वन रूद्राक्षारण्यका मध्यभागमा लगेर स्थापना गरे । त्यस स्थानमा स्थापना गरिएको लिङ्गरूप अमृतलाई देवताहरू स्वयंले विधि विधानपूर्वक पूजा समेत गरी त्यस अमृतको पिण्डबाट निर्मित शिवलिङ्गको नाम समेत पिण्डेश्वर भने । त्यसै कारण अद्यापि नेपालको पूर्वाञ्चल सुनसरी जिल्लाको धरान नगरपालिका अन्तर्गत पवित्र तीर्थ विजयपुर पर्वतका शिखरमा रूद्राक्षारण्यका बीच भागमा अमृतपिण्डस्वरूप पिण्डेश्वर महादेव विराजमान भएर रहनुभएको छ । (जगद्‌गुरू महाराजश्रीको अनुसन्धानात्मक खोज पूर्ण पुस्तक कुम्भमेलाको शास्त्रीय निरूपण)

समुद्र मथनबाट उत्पन्न अमृत घडा लैजाँदा बाटामा पर्ने रामेश्वरम्, उज्जैन, प्रयाग र हरिद्वारमा घडा छचल्किएर ३/४ थोपा अमृत खसेकोलाई अर्थ्याउँदै ती स्थानमा अर्धकुम्भ र पूर्णकुम्भ स्नान मेला लाग्ने गरेको छ । तर त्यसै घडाको अमृत छचल्किएर जमेर बनेको अमृत पिण्डलाई महादेवमा चढाउँदा उहाँले आफ्नै अश्रुधाराबाट धरान विजयपुरमा उत्पन्न रूद्राक्ष जङ्गलमा देवताहरूद्वारा उत्पन्न पिण्डलाई लिङ्गको रूपमा स्थापना गर्न लगाउँदा पिण्डेश्वर महादेवको नामले प्रख्यात भएको शास्त्रीय प्रमाण मात्र होइन, प्राचीनकालमा देवताहरूले ६/६ वर्षमा अर्धकुम्भ र १२/१२ वर्षमा पूर्ण कुम्भको आयोजना गरी कौशिकी कुम्भ स्नान गर्दथे । महाराजजीले चतराधामलाई प्राचीन हरिद्वारको रूपमा प्रख्याती रहेको यथार्थताको उजागर गर्नुभयो । महाराजश्री पुण्यभूमि चतराधाममा पदार्पण गरेपछि यस क्षेत्रको महत्त्व व्यापक रूपमा बढ्यो । मसानघाटमा परिणत भएको चतराधामको पुनरूत्थान हुनुका साथै प्राचीन हरिद्वारका नामबाट चिनिन लाग्यो ।

कौशिकी कोका सङ्गमदेखि पिण्डेश्वर धाम विजयपुरसम्मको यो पाँच कोश क्षेत्र अर्थात् वराहक्षेत्र, चतरा, विष्णुपादुका, पिण्डेश्वर, रामधुनी, कौशिकी क्षेत्र आदिमा पितृश्राद्ध, तर्पणादि गर्नाले सय कुलका पितृहरू तर्छन् भन्ने शास्त्रीय वचन रहेको पाइन्छ ।

हिमवत्खण्डमा पर्ने कोशी क्षेत्रमा उत्तरबाट दक्षिण बहने सप्तकोशीको देब्रेतर्फ सुनसरी जिल्ला पर्दछ । त्यसैमा

पर्ने वराहक्षेत्र गाउँपालिकामा कोशीकै देव्रे किनारमा कोका र कोशी नदीको सङ्गममा श्रीवराहको मन्दिर छ । वराह अवतारको सम्वन्धमा महर्षि व्यासले सिङ्गै वराहपुराण लेख्नुभएको छ । जस अनुसार जब पृथ्वी रसातलमा भासिन

थालिन् तब पृथ्वीको प्रार्थना अनुसार भगवान् विष्णुले वराह अवतार लिनुभै पृथ्वीलाई जलमाथि आसिन गराई शान्ति प्रदान गर्नुभयो । भगवान् विष्णुको दश अवतार मध्ये पहिलो मत्स्य, दोस्रो कच्छप र तेस्रो वराह(वँदेल)को अवतारको रूपमा मानिन्छ । हिरण्याक्षले अपहरण गरेर पुऱ्याएकी पृथ्वीलाई भगवान्ले वराहको रूप धारण गरेर यस खण्डमा स्थापित गरिएको पृथ्वीको यस क्षेत्रलाई भुवैकुण्ठ भनिन्छ । अर्थात् भगवान् वराहको पूरै क्षेत्र पृथ्वीको वैकुण्ठ हो । सोको पनि उजागर भएको छ । जगद्गुरू महाराजश्रीले पूर्वीय वाङ्मयमा गहिरो अध्ययन गर्नुभएको छ । उहाँले दानदातव्यबाट ११ करोड रूपैयाँको लागतमा १० वर्ष लगाएर चतरामा भव्य दिव्य राधासर्वेश्वर भगवान्को मन्दिर निर्माण गर्नुभयो भने वि.सं. २०५९ सालमा चतराधाममा कुम्भ स्तम्भ बनाउनुभयो ।

जगद्गुरू महाराजश्रीको शंखमुलमा निवास भएपछि उहाँकै सत्सङ्कल्पमा वि.सं. २०६८ साल फागुन ११ देखि २२ गतेसम्म शंखमुलधाममा काठमाडौं उपत्यकामानै पहिलोपटक विशाल श्रीमद्गोपाल महायज्ञ सुसम्पन्न भयो । त्यसपछि जगद्गुरू आश्रम जगत्ननारायण मन्दिर व्यवस्थापन, आदर्श संस्कृत गुरूकुलम् र गौशाला समेत सञ्चालन भइरहेको छ ।

प्रत्येक व्यक्तिसँग न्यूनतम १ रूपैयाँ सहयोग लिई उहाँले महाकालीदेखि मेचीसम्म पैदल यात्रा गरी महाकालीस्थित कञ्चनपुर जिल्लाको भम्केनी धाममा मुलुकको तत्कालीन ७५ जिल्ला समेटेर ७५ फीट अग्लो मूर्ति स्थापना गर्ने लक्ष्य लिई अघि बढिरहनुभएको छ । नेपालमा आराध्यदेव शालग्राम भगवान्को यज्ञ गर्ने परम्पराको थालनी पहिलोपटक पर्वतमा गरिसक्नुभएको छ ।

महाराजश्रीले स्कन्द पुराणको मानस खण्ड, हिमाद्री खण्ड, वराह पुराण र शिवपुराण लगायतका विभिन्न धर्मशास्त्रको अध्ययन र स्वयं अन्वेषणका आधारमा १२ ज्योतिर्लिङ्गहरू नेपालमै रहेको प्रमाण समेत पेश गर्नुभएको छ । उहाँका अनुसार दार्चुलामा मल्लिकार्जुन र नागेश्वर, महाकाली नदीतटमा विश्वनाथ, महाकालीकै सरयु नदीतटमा रामेश्वरम्, बैतडीमा केदारनाथ, अछाममा बैद्यनाथ, मुस्ताङमा सोमनाथ, दोलखामा भीमाशङ्कर, खोटाङमा ओमकारेश्वर, सिन्धुलीमा त्र्यवकेश्वर, ताप्लेजुङ र पाँचथरको सिमा क्षेत्रमा महाकालेश्वर र अर्को घुस्मेश्वर रहेका छन् ।

यस सुन्दर धर्तीमा मनुष्यको रूपमा जन्मलिने प्राणीहरू त असंख्य छन् । तर विश्वको उपकार गर्ने आदर्शवान जो चीरकालसम्म जीवित रहिरहन्छन् त्यस्ता महापुरूषहरू भने विरलै पाइन्छन् । त्यस विरलैमा हामीले नेपाल राष्ट्रकै प्रथम ऐतिहासिक जगद्गुरू अनन्तश्री विभूषित बालसन्त मोहनशरण देवाचार्य महाराजश्री जो दैविक शक्तिले सुसम्पन्न हुनुभएको एक अलौकिक व्यक्तित्व भएको स्वामी पाएका छौं । जो आध्यात्मिक उत्थानका लागि कठोर तपस्या गरेर महत्त्वपूर्ण योगदानहरू दिइरहनु भएको छ । महाराजजीको सत्सङ्कल्पमा भइरहेको यस कुम्भ मेलामा सबै जना जुटौं । सनातन धर्मलाई सम्मान गर्ने नेपालीहरू साथै अन्य व्यक्तित्वहरू सबै नै यो कुम्भमेला धार्मिक पर्यटन नै नेपालको अर्थतन्त्रको मेरूदण्ड हुनेछ भन्ने आशा विश्वासका साथ राष्ट्र जागरणको महाअभियानमा सहभागी बनौं ।❖ -बत्तीसपुतली, काठमाडौं

# भगवान्का विभूतिहरू

– डा. कान्ता भट्टराई

अघिल्लो अंकबाट क्रमशः

शस्त्रधारीहरूमा राम सर्वश्रेष्ठ हुनुहुन्छ । त्यसैले भगवान्ले रामलाई आफ्नो विभूति बनाउनुभएको छ ।

जलजन्तुहरूमा गोही सबैभन्दा बलवान् हुन्छ । त्यसैले गोहीलाई भगवान्ले आफ्नो विभूति बनाउनुभएको छ । आफ्नो नाम स्मरणबाट पाप नाश गर्ने भगवती गङ्गाको वाहन पनि गोही हो ।

धातु कमण्डलुजलं तदरुक्रमस्य पादावनेजनपवित्रतया नरेन्द्र।
स्वर्धुन्यभुन्नुभासिसा पतति निर्मार्ष्टि लोकत्रयं भगवतो विशदेव कीर्ति ॥

–भागवत ८/२१/४

ब्रह्माको कमण्डलुको जलले विश्वरूप भगवान्को चरणकमल धुँदा पवित्र भएको कारण गङ्गाजीको रूपमा परिणत भयो त्यही जल आकाशमार्गबाट पृथ्वीमा आएर तीनै लोकलाई पवित्र गर्दछिन् । त्यसैले गङ्गा सबै नदी, झरना आदिमा सर्वश्रेष्ठ रहेकी छन् । गङ्गाजीको दर्शन स्पर्श नामोच्चारणबाट प्राणीको उद्धार हुन्छ । मृत व्यक्तिको अस्थी गङ्गामा राख्दा मुक्ति प्राप्त हुन्छ भन्ने शास्त्रीय वचन छ । सबैलाई पवित्र गर्ने भएकाले भगवान्ले गङ्गालाई आफ्नो विभूति बनाउनुभएको छ ।

वासुदेव सर्वमिति स महात्मा सदुर्लभः।

जो सर्वत्र रहन्छ र जो सबैलाई प्रकाश दिन्छ, त्यो वासुदेव हो । ऊ सबैमा छ । जसमा सबैवस्तु छ त्यो वासुदेव हो । त्यसैले सम्पूर्ण सृष्टिहरूको आदि, अन्त्य तथा मध्यमा आफू नै रहेको बताउँदै सबै कुरा वासुदेवको हो । यो शाश्वत सत्यलाई मनुष्यले बुझ्नु पर्दछ ।

मानिसलाई यो लोक र परलोकमा कल्याण गर्ने अध्यात्मविद्या अर्थात् ब्रह्मविद्या नै हो । यो शरीर भैतिक यन्त्र मात्र होइन जो केवल सांसारिक सुख मात्र चाहन्छ । यो त अध्यात्म विद्या प्राप्त गर्न पनि साधन हुन्छ भन्ने विज्ञ व्यक्तिले बुझ्नु पर्दछ भन्ने शास्त्रीय मत छ ।

न भौतिकं यन्त्रामिदं शरीरं यत् केवलं लौकिकसौख्यमिष्टे।
अध्यात्मविद्यापरिलब्धयोऽपि संसाधनं ज्ञेयमिर्द सुविज्ञैः ॥

सत्यसाई चरितम् ९/१७

अन्य सांसारिक भौतिक विद्याहरू आत्मविस्मृत गर्ने भएकाले ती अपूर्ण छन् । तर, अध्यात्मविद्या परमात्मा प्राप्तिको साधन र पूर्णताको द्योतक भएकाले भगवान्ले यसलाई आफ्नो विभूति बनाउनुभएको छ ।

अकार विना व्यञ्जनको उच्चारण हुन सक्दैन । त्यसैले अकारलाई भगवान्ले आफ्नो विभूति बनाउनुभएको छ ।

समासहरूमा भगवान्ले द्वन्द्वसमासलाई आफ्नो विभूति मान्नुहुन्छ । यो समासमा दुवै शब्दको प्रधानता हुन्छ जस्तो कि सीता र राम- सीताराम ।

जुन कालको कहिले क्षय हुँदैन, जो कालातीत छ, अनादि छ र अनन्तरूप छ त्यो काल नै भगवान् हो । त्यसैले भगवान्ले काललाई आफ्नो विभूति बनाउनुभएको छ ।

सबैतिर मुख भएकाले सबैको पालन पोषण गर्ने आफूनै भएको बताउनुभएको छ ।

सबैलाई हरण गर्ने मृत्यु र भविष्यमा उत्पन्न हुने पनि आफू नै भएको श्रीकृष्णले बताउनु भएको छ । स्त्री जातिमा कीर्ति, श्री, वाक, स्मृति, मेधा, धृति र क्षमा श्रेष्ठ मानिन्छन् । त्यसैले भगवान्ले यिनलाई पनि आफ्नो विभूति मान्नु हुन्छ ।

सामवेदमा बृहत्साम नामको एउटा गीत छ। यो वेदमा बृहत्साम सबैभन्दा श्रेष्ठ मानिन्छ । त्यसैले बृहत्सामलाई आफ्नो विभूति बताउनुभएको छ ।

वेदका छन्दोबद्ध ऋचाहरूमा गायत्रीको प्रमुखता रहेको छ । गायत्री सम्पूर्ण मन्त्रहरूको राजा मानिन्छ साथै वेद जननीको रूपमा पनि गायत्री सम्मानित छन् । किनकि गायत्रीबाट नै वेद प्रकट भएको छ । शास्त्रमा गायत्रीको महिमा गान गरिएको पाइन्छ । गायत्रीको प्राकट्य पावन भूमि नेपालको कोशी नदीबाट भएको हो । कोशीको बारेमा दुर्गासप्तशतीमा यसरी बताइएको छ ।

शरीरकोशाद्यतस्या पार्वत्या निःसृताम्बिका ।

कौशिकीति समास्तेषु ततो लोकेषु गीयते ॥

तस्यां विनिर्गतायाँ तु कृष्णाभूत्यासप पार्वती ।

कालिकेति समाख्याता हिमाचलकृताश्रया ॥

(श्रीदुर्गाशप्तशती ३/८७-८८)

पार्वतीको शरीरकोशबाट अम्बिकाको प्रादुर्भाव भयो। त्यसैले यिनी समस्त लोकमा कौशिकी नामले प्रसिद्ध भइन्। कौशिकी प्रकट भएपछि पार्वतीदेवीको शरीर कालो भयो र उहाँ हिमालयमा बस्ने कालिका देवीको नामले विख्यात हुनुभयो । ऋषिबाट गरेको कठोर तपस्याबाट कोशीबाट गायत्री प्राकट्य भएको हो ।

'कोशीका तटमा कठोर तपले संसारलाई दिए

गायत्री जप मन्त्र सिद्धिबलले जो हिन्दुले नै लिए ।

विश्वामित्र समस्त हिन्दुगणका समन्य छन् बन्द्य छन् ।

ती नेपाल विभूति हुन् जगतमा सर्वत्र सम्पूज्य छन् ॥'

गायत्रीको जप, ध्यानबाट सर्वासिद्धिको साथै परमात्माको प्राप्ति हुन्छ । त्यसैले भगवान्ले गायत्रीलाई आफ्नो विभूति बनाउनु भएको छ ।

मार्ग महिना धनधान्यले भरिपूर्ण महिनाको रूपमा रहेको छ । अन्न बालीको निम्ति मार्ग महिनाको विशेष महत्त्व रहेको छ । एक माना बीजबाट लाखौं उत्पादन गर्न सकिने भएकाले पनि यो महिनाको गरिमा बढेको हो। अन्नबाट नै सम्पूर्ण प्राणी जीवित हुन्छन् । यी विभिन्न विशेषताले भरिपूर्ण भएकाले मार्ग महिनालाई आफ्नो विभूति भन्नुभएको छ ।

छ ऋतुहरूमध्ये वसन्त ऋतुलाई ऋतुहरूको राजा भनिएको छ । यही ऋतुमा वृक्ष, लता आदि पत्र-पुष्पले भरिपूर्ण हुन्छन् । यो महिनामा न गर्मी हुन्छ न जाडो हुन्छ । प्रकृति हरियो वनस्पतिले सुरम्य देखिन्छिन् । त्यसैले भगवान्ले छ ऋतुहरूमा म वसन्त हुँ भन्नुभएको छ ।

भगवान्ले छल गर्नेहरूमा 'जूआ' हुँ भन्नुभएको छ । मानिसले 'जूआ' को स्मरणमा पनि भगवान्को चिन्तन गर्नुपर्दछ । किनकि यो खेलमा हार जीत अवश्य हुन्छ । त्यो भगवान्को नै हो । 'जूआ'मा पनि भगवान्लाई देख्ता 'जूआ'को चिन्तन हुँदैन भगवान्को नै स्मरण हुन्छ । किनकि भगवान् सर्वत्र निरन्तर रूपमा रहनुहुन्छ । यसरी 'जूआ'लाई विभूति भन्नुको कारण नै भगवान्को सर्वव्यापकताको चिन्तन हो ।

भगवान् श्रीकृष्णले तेजस्वीहरूमा तेज हुँ भन्नुभएको छ । वामन भगवान् जब बलिको यज्ञमा आउनु भयो, सबैले भगवान्लाई देखे । साक्षात् सूर्यनारायण उदय भएको ठाने । वामन भगवान्को तेजले ऋत्विज यजमान र उपस्थित व्यक्तिहरू निस्तेज बन्न पुगे ।

त ऋत्विजो यजमानः सदस्या हतत्विषो वामनतेजसा नृप ।

(भाग. ८/१२/२२)

सत्पुरूषमा हुने विलक्षण शक्ति तेजको कारणले पनि दुष्ट पापात्माहरू निस्तेज बन्न पुग्दछन् । त्यसैले तेजलाई भगवान्ले आफ्नो विभूति मान्नुभएको छ ।

जीवनमा विजय-पराजय भइरहन्छ । विजय प्राप्त हुँदा खुशीको अनुभूति हुनु स्वभाविक हो । त्यसैले विजय सबै प्राणीलाई प्यारो लाग्ने भएकाले भगवान्ले यसलाई आफ्नो विभूति मान्नुभएको छ ।

भगवान्ले यदि कोही अतिशय दुराचारी पनि अनन्यभावले मेरो भक्त भएर भजन गर्दछ भने त्यसलाई साधु मान्नुपर्दछ किनकि उसले 'म भगवान्को भक्त बनी भजन गर्दछु' भनेर निश्चय गरेको छ-

अपि चेत्खसुदुराचारो भजते मामनन्यभाक् ।

साधुरेव स मन्तव्यः सम्यग्व्यवसितो हिसः ॥ (गीता ९/३०)

जुन बुद्धिले प्रवृत्तिमार्ग, निवृत्तिमार्ग, कर्तव्य र अकर्तव्य, भय-अभय तथा बन्धन र मोक्षलार्य यथार्थ रूपमा

जान्दछ, त्यो बुद्धि सात्विकी हो ।

सात्विकी भाव भएका मानिसको मन, वचन र कर्ममा एकरूपता हुन्छ । आचरण सात्विकी हुन्छ । त्यसैले सात्विक मनुष्यमा रहेको सात्विक भाव म नै हुँ भनेर श्रीकृष्णले बताउनु भएको छ ।

भगवान्ले यदु, अन्धक, मधु, दाशार्ह, वृष्णि आदि वंशीहरूमा देखिएका विशेषताहरूमध्ये अद्भूत विशेषता वृष्णिवंशिहरूमा रहेको बताउनुभएको छ ।

एते चांशकलाः पुंसः कृष्णस्तु भगवान् स्वयम् ।
इन्द्ररिख्याकुलं लोकं मृडन्ति युगे युगे ॥ (श्रीमद्भागवत १/३/२८)

भगवान्का मत्स्य, कूर्म, वराह, वामन आदि अंशावतार अथवा कलावतार हुन् तर देवकी वसुदेव पुत्र श्रीकृष्ण त स्वयं भगवान् नै हुनुहुन्छ । जब दैत्यको अत्याचारबाट मानिस पीडित हुन्छन् तब युग युगमा अनेक रूप धारण गरेर भगवान् उनीहरूको रक्षा गर्नुहुन्छ । त्यसैले म परमात्म स्वरूप वासुदेव हुँ भन्नुभएको छ ।

पञ्च पाण्डवहरूमा अर्जुनमा जुन वैशिष्ट्या रहेको छ, त्यो भगवान्कै कृपा स्वरूप हो । यो कुरा स्वयं अर्जुनले स्वीकारेका छन् । भगवान् श्रीकृष्ण आफ्नो लीला विग्रहलाई संवरण गरेर निजधाम वैकुण्ठ गएपछि आफू निस्तेज भएको बताएका छन् । भगवान्को तेजकै कारणले द्रौपदी स्वयम्बरमा द्रुपदका दरवारमा आएका वीर राजाहरूको तेज हरण गरेको, सशरीर स्वर्गमा गएको, युद्धमा भगवान् शङ्करलाई प्रसन्न पारी पाशुपत नामक अश्त्र प्राप्त गरेको, महाभारत युद्धमा भीष्म, द्रोणजस्ता महारथिलाई परास्त गर्न सकेको हुँ । भगवान् शाश्वत धाम गएपछि आफू सारशून्य बनी निस्तेज भएकाले द्वारकाबाट इन्द्रप्रस्थ आउँदा गोपहरूबाट पराजित भई भगवान्का पत्नीहरूलाई रक्षा गर्न नसेको हुँ भनेका छन् ।

सोऽहं नृपेन्द्र रहितः पुरुषोत्तमेन संख्या प्रियेण सुहृदाहृदयेन अध्वन्य रुरुक्रम परिग्रहमङ्ग रक्षन् गोपैरसद्भिरबलेव विनिर्जितोऽस्मि ।

(श्रीमद्भावगत १/१५/२०)

अर्जुनमा जुन विशेषता देखिएको छ त्यो भगवान्कै कृपा हो । त्यसैले पृथापुत्र अर्जुनलाई भगवान्ले आफ्नो विभूति बनाउनुभएको छ ।

व्यास भगवान्का कलावतार हुन् । यिनले वेदलाई ऋक्, यजुः, साम र अथर्व यी चार भागमा पृथकीकरण गरे । पुराण, उपपुराण, महाभारत आदि सबै कृष्ण द्वैपायन व्यसजीकै रचनाहरू हुन् ।

'व्यासोच्छिष्टं जगत् सर्वम्' यो उक्ति सर्वप्रसिद्ध छ । जगत्मा जति पनि रचनाहरू छन् ती सबै वेदव्यासकै रचना हुन् । व्यासजीमा यी विश्वप्रसिद्ध जगत्कल्याणकारी रचना गर्ने शक्ति सामर्थ्य भगवान्कै कृपाबाट प्राप्त भएको हो । त्यसैले भगवान् श्रीकृष्णले वाल्मीकि सान्दीपनि आदि मुनिहरूमा वेदव्यास हुँ भन्नुभएको छ ।

शुक्राचार्य असुरका गुरू भए पनि भगवान्का अनन्य भक्तका रूपमा रहेका छन् । इन्द्रले बलिको सम्पत्ति खोसी प्राणहीन बनाए । सञ्जीवनी विद्याका ज्ञाता भृगुनन्दन शुक्राचार्यले यही विद्याद्वारा बलिलाई जीवित बनाए । योगविद्याका आचार्य यिनको शुक्रनीति अत्यन्त प्रशंसनीय रहेको छ । सबै कविहरूमा शुक्राचार्य प्रमुख रूपमा रहेका छन् । शुक्राचार्यकै गुणको परिपालन असुर कुलमा जन्मेका प्रल्हाद, बलिबाट भएकाले उनीहरूको कीर्तिको गान स्वर्गलोकमा भएको कुरा श्रीमद्भागवत महापुराणमा वर्णित छ । त्यसैले गुणवान् शुक्राचार्यलाई भगवान्ले आफ्नो विभूति मान्नुभएको छ । क्रमशः

-अनामनगर, काठमाडौं

# धर्म र अध्यात्मको
# अन्तरसम्बन्ध

–डा. निर्मलमणि अधिकारी

रामाशिष झा कक्षा १० मा पढ्छन् । उनलाई भाषाहरू सिक्न धेरै रूचि छ । मैथिली, नेपाली, अंग्रेजी, हिन्दी र भोजपुरी भाषाहरू राम्रोसँग जानेका पनि छन् । समय मिल्नासाथ कुनै भाषाका नयाँ शब्दहरू सिक्ने उनको बानी छ । आज उनी अंग्रेजी शब्दकोश लिएर हेरिरहेका थिए । यसै क्रममा उनको नजर Dharma (धर्म) शब्दमा पर्‍यो । अंग्रेजी शब्दकोशमा धर्म शब्द देख्दा उनलाई आश्चर्य माने किनभने आजसम्म उनले धर्म भनेको संस्कृत शब्द हो र यसलाई अंग्रेजीमा रिलिजन (Religion) भनिन्छ भन्ने मात्रै सुनेका थिए । तर शब्दकोशमा त उनले धर्म (Dharma) र रिलिजन (Religion) दुईटै शब्दहरू अलग अलग प्रविष्टिमा फेला पारे । उनलाई बडो खुल्दुली लाग्यो । उनले आमालाई यस बारे जिज्ञासा राखे ।

रामाशिषकी आमा प्राध्यापक हुनुहुन्छ । उहाँलाई धेरै कुराको ज्ञान छ । धर्म बारे पनि उहाँलाई ज्ञान छ । उहाँले बताउनुभयोः

धर्म शब्दका अनेक अर्थ छन् । संस्कृत भाषामा यसको मूल धृ धातु हो । धृको अर्थ धारण गरिने भन्ने हुन्छ । संस्कृतमा धार्यते इति धर्मः (जो धारण गरिइन्छ त्यो धर्म हो) भनिएको छ । यसको तात्पर्य हो- व्यक्ति वा वस्तुमा सधैं रहिरहने विशेषता, गुण वा मूल वृत्ति, प्रकृति वा स्वभाव नै धर्म हो । यसरी धर्मको मूल अर्थ धारणा, कर्तव्य, प्राकृतिक गुण, विशेषता, चरित्र आदि हुन्छ ।

धर्मले मानव जीवनका साथै सम्पूर्ण सृष्टिलाई नै नियमन गर्ने मानिन्छ । यस अनुसार, मानिसको धर्म भएजस्तै अन्य प्राणी र निर्जीव वस्तुको पनि धर्म हुन्छ । जस्तै : अग्नि (आगो) को धर्म राप, ताप र प्रकाश हो । यसरी नै पानीको धर्म, हावाको धर्म तथा माटोको धर्म के हो भनेर विश्लेषण गर्न सकिन्छ । सृष्टिमा कुनै पनि प्राणी वा वस्तु आफ्नो विशेषताविहीन छैन, त्यसैले धर्मविहीन छैन । यसरी नै व्यक्तिको र समुदायको जस्तै समाजको पनि धर्म हुन्छ । प्रत्येक पेशाको पनि धर्म हुन्छ भन्ने मान्यता यसैअनुसार बनेको हो ।

मानवेतर प्राणी तथा निर्जीव वस्तुहरूको पनि धर्म हुने भएता पनि धर्म बारे चिन्तन गर्ने क्षमता भने तिनीहरूसँग छैन, मानिससँग मात्रै छ । मानव समाजमा धर्म बारे धेरै चिन्तन मनन भएको छ । धर्मलाई व्यक्तिले अवलम्बन गर्ने स्वाभाविक चरित्र वा गुणसँग जोडेको पाइन्छ । लोकको हित वा व्यवस्थाका लागि अगाँलिने कर्तव्य, पुण्य कर्म, असल आचरण, सदाचार, सत्कर्म, जिम्मेवारी अनुसार निर्धारित कार्य वा व्यवहार आदिलाई पनि धर्मसँग सम्बद्ध मानिएको देखिन्छ ।

आस्तिक मानिसहरूले धर्म भनेर ईश्वरप्रति आस्था एवं शास्त्रविहित कर्मलाई मान्दछन् । आस्तिक दृष्टिकोणमा ईश्वरप्रतिको आस्था धर्मको अपरिहार्य विशेषता हो । आस्तिक मतमा धर्मका १० वटा लक्षण मानिएको छ । ती हुन् : धृति (धैर्य), क्षमा (क्षमाशील हुनु), दम (आफ्नो वासनाहरू माथि नियन्त्रण गर्न सक्नु), अस्तेय (चोरी नगर्नु वा आफ्नो अधिकार नभएको वस्तु नलिनु), शौच (शरीर, मन एवम् बुद्धिलाई शुद्ध एवम् पवित्र राख्नु), इन्द्रिय निग्रह (इन्द्रियहरूलाई बसमा राख्नु), धी (बुद्धिमानी हुनु), विद्या (ज्ञान आर्जन गर्नु), सत्य (मन, वचन र कर्मबाट सत्यको पालन गर्नु) र अक्रोध (क्रोध नगर्नु) ।

धर्मको धारणा वा पालना गर्नु किन आवश्यक

मानिएको हो ? धर्मको पालना गर्नाले के हुन्छ ? रामाशिषले थप जिज्ञासा राखे । आमाले उत्तर दिनुभयो–

धर्मको धारणा वा पालनाले सबै प्राणी तथा वस्तुहरू स्वाभाविक गुणमा रहन्छन् र सृष्टि सुव्यवस्थित रहन्छ । कसैले धर्मको उल्लंघन गर्‍यो भने त्यसले समाजमा अव्यवस्था पैदा हुन्छ र समस्या पर्छ । धर्मविहीन समाजमा अराजकता, अन्याय तथा दुःखकष्ट बढ्ने आशंका गरिन्छ । समाजमा सुख, शान्ति, अमनचैन एवम् न्यायको प्रत्याभूति गर्नका लागि धर्मको पालना अनिवार्य मानिन्छ । धर्मो रक्षति रक्षितः भन्ने कथन प्रसिद्ध छ । यसको तात्पर्य होः धर्मको रक्षा गर्नेलाई धर्मले पनि रक्षा गर्छ । धर्मको पालनाले सर्वहितकारी समाज व्यवस्था सुनिश्चित हुन्छ भन्ने मान्यताको कारणले धर्मको धारणा वा पालना गर्नु आवश्यक मानिएको हो । यस क्रममा आफूले अवलम्बन गरेका धार्मिक तथा सांस्कृतिक क्रियाकलापहरूको वैज्ञानिक पक्षहरू जान्नु पर्छ ।

व्यक्तिगत तहमा भन्नुपर्दा धर्मको पालनाले कुनै पनि व्यक्तिलाई चरित्रवान बनाउँछ । धर्मले व्यक्तिको असल व्यक्तित्व विकास गराउँछ । धर्मको अवलम्बन गर्ने व्यक्ति कर्तव्यनिष्ठ हुन्छ । धर्मले मानिसलाई आत्मविश्वासी, साहसी एवम् इमान्दार बनाउँछ । धर्मको धारणा एवम् पालनाले मानिसलाई अभ्युदय र निःश्रेयस प्राप्त हुन्छ । अभ्युदय भनेको यो लोकमा हुने उन्नति, प्रगति एवम् समृद्धि हो । निःश्रेयस भनेको परम लक्ष्य हो । जस्तैः मानव जीवनको परम लक्ष्य हिन्दु मान्यता अनुसार मोक्ष हो भने बौद्ध मान्यता अनुसार निर्वाण हो । धर्मको पालनाले शारीरिक, मानसिक एवम् आध्यात्मिक सबै अभ्युदय हुने र परम लक्ष्यको पनि प्राप्त हुने मानिन्छ । धर्मको पालना गर्नाले मानव जीवन सुखी एवम् सार्थक बन्छ ।

रामाशिषले सोधेः धर्म र रिलिजन(Religion)को अन्तरसम्बन्ध के हो ?

आमाले भन्नुभयोः धर्म शब्दको बृहत् र संकीर्ण गरी दुई प्रकारका अर्थहरू प्रचलनमा देखिन्छन् । बृहत् रूपमा धर्मको मूल अर्थ धारणा, कर्तव्य, प्राकृतिक गुण, विशेषता, चरित्र आदि हो भनेर त मैले अघि नै बताइसकेँ । साथै धर्म शब्दलाई ईश्वरप्रति आस्था एवम् शास्त्रविहित कर्मको समष्टि पद्धति तथा सम्प्रदायलाई जनाउने संज्ञाका रूपमा पनि प्रयोग गरिएको देखिन्छ । मानिसले आफूले अवलम्बन गरेका शास्त्रीय तथा सांस्कृतिक क्रियाकलापहरूलाई पनि धर्म अन्तर्गत वा धर्मकै अभिन्न अंगका रूपमा लिएका हुन्छन् । यसै सन्दर्भमा धर्मलाई अंग्रेजी शब्द रिलिजनको समानार्थक मानेर पनि व्यवहारमा चलाएको अवस्था छ । अर्थात्, आस्थासँग सम्बन्धित सम्प्रदायको पहिचानका लागि पनि धर्म शब्द प्रयोगमा छ । जस्तैः नेपालमा राष्ट्रिय जनगणना हुँदा धर्म भनेर हिन्दु, बौद्ध, इस्लाम, किरात, इसाई, बोन, जैन, शिख, प्रकृतिपूजक र बहाइ जस्ता अनेक विकल्पमध्ये कुनै एउटा रोज्न दिइन्छ । यस्तो सन्दर्भमा धर्म शब्दलाई मानिसको सम्प्रदायजन्य वा आस्थाजन्य पहिचानलाई जनाउने संज्ञाका रूपमा प्रयोग गरिएको पाइन्छ । यो धर्म शब्दको संकीर्ण अर्थ हो ।

धर्मको बृहत् वा मूल अर्थ नै लिएर विश्लेषण गर्ने हो भने त धर्मको अर्थलाई रिलिजनले बोक्न सक्दैन । धर्म शाश्वत् एवम् सार्वजनीन अवधारणा देखिन्छ । रिलिजनले आस्थाजन्य सम्प्रदायको पहिचानलाई इंगित गरेको देखिन्छ । तथापि संकीर्ण अर्थमा धर्म शब्दलाई रिलिजनको समानार्थी मानेर पनि प्रयोग गरिँदै आएको तथ्य पनि हामीले ख्याल राख्नुपर्छ । यसरी धर्म भनेर सामूहिक पहिचान दिने गरी मानिसको सम्प्रदायजन्य वा आस्थाजन्य पहिचानलाई जनाउने संज्ञाका रूपमा लिइएको पनि देखिन्छ । धर्म शब्दको प्रयोग गर्दा बृहत् अर्थमा प्रयोग गरिँदैछ कि संकीर्ण अर्थमा प्रयोग गरिँदैछ भन्ने खुट्ट्याएर बुझ्नु आवश्यक पर्छ ।

रामाशिषको मनमा धेरै जिज्ञासाहरू आइरहेका थिए । उनले थप प्रश्न गरेः अध्यात्म भनेको के हो ? धर्म र अध्यात्मको के अन्तरसम्बन्ध छ ?

छोराले यस्तो गहन जिज्ञासा राखेकोमा आमालाई निकै खुशी लाग्यो । उहाँले बताउनुभयो– नेपाली बृहत् शब्दकोशमा अध्यात्म शब्दको अर्थ आत्मज्ञान, तत्त्वमीमांसा, आत्मा र परमात्माका गुण एवम् तिनको पारस्परिक सम्बन्धमा गरिने चिन्तन, निरूपण वा विवेचना भनिएको छ । वैदिक मान्यता अनुसार सृष्टिका तीन आयाम छन्ः स्थूल, सूक्ष्म र कारण । उदाहरणका लागि शरीर स्थूल

स्वरूप हो, मन सूक्ष्म स्वरूप हो र आत्मा कारण स्वरूप हो। स्थूल जगत्सँग सम्बन्धित विषयवस्तुलाई आधिभौतिक भनिन्छ । सूक्ष्म जगत्सँग सम्बन्धित विषयवस्तुलाई आधिदैविक भनिन्छ । आध्यात्मिक भन्नाले अध्यात्मसँग सम्बन्धित भन्ने बुझिन्छ । अध्यात्म कारण जगत्सँग सम्बन्धित छ । यसरी अध्यात्ममा मुख्य सरोकार भनेको आत्मिक अभ्युदय हो । हिन्दु परम्परामा मोक्ष बारे एवम् बौद्ध परम्परामा निर्वाण बारे गरिने चिन्तनलाई अध्यात्मकै उदाहरण मानिन्छ। आत्मज्ञानका लागि योगदान गर्ने हुनाले नै सत्संग, योग, ध्यान आदिलाई अध्यात्मको विषयवस्तु मानिएको हो ।

धर्म र अध्यात्मको अन्तरसम्बन्ध विचार गर्दा अध्यात्मलाई धर्मभित्रको एउटा अंश मान्नुपर्ने देखिन्छ । किनभने धर्मको प्रकृतिमा आधिभूत (भौतिक), आधिदैव (मानसिक) र अध्यात्म (आध्यात्मिक) सबै पर्दछन्। अर्थात्, धर्मको दायरामा सृष्टिका स्थूल, सूक्ष्म र कारण, यी तीनैवटा आयाम समेटिन्छन्। धर्मले शरीर, मन र आत्मा, यी तीनैको गुण वा विशेषतालाई नियमन गर्छ । यसरी धर्मभित्रको एउटा विशिष्टिकृत क्षेत्र हो अध्यात्म। धर्म चाहिँ आधिभौतिक, आधिदैविक एवम् आध्यात्मिक, यी सबैको समष्टि हो ।

कतिपय मानिसहरूले त धर्म र अध्यात्म अलग अलग हुन् भनिरहेको सुनेको थिएँ । तर हजुरले त धर्मभित्रैको एक अंश अध्यात्म हो भन्नुभयो। यस बारे थप स्पष्ट पारिदिनुहोस् न। रामाशिषले भने ।

आमा मुसुक्क हाँस्नुभयो । उहाँले भन्नुभयो– मैले पनि त्यस्ता कुरा सुनेकी छु। जसले धर्मको मूल अर्थ विचार नगरी धर्मलाई रिलिजनको समानार्थक मानेर सङ्कीर्ण अर्थ गर्छन्, उनीहरूले त्यस्तो भनेका हुन् । धर्मको मूल एवम् बृहत् अर्थ नै हामीले हेर्नुपर्छ। वैदिक ऋषिहरू, बुद्ध, तीर्थंकर महावीर, भारतवर्षीय दार्शनिकहरू आदिले धर्म शब्द जुन तात्पर्यमा प्रयोग गर्नुभएको छ सोही परिप्रेक्ष्यमा धर्मको अर्थ बुझ्दा यसलाई संकीर्ण अर्थमा प्रयोग गर्नु उपयुक्त हुँदैन। बृहत् अर्थमा धर्मको क्षेत्र अति विस्तृत छ जहाँ अध्यात्म पनि समाविष्ट छ ।

आमाको स्पष्टीकरणले रामाशिषलाई आफ्नो जिज्ञासा पूरै सम्बोधन भएको महसुस भयो । आमालाई धन्यवाद दिँदै उनी आफ्नो अध्ययनकक्षतिर लागे।❖

–भाषा तथा आमसञ्चार विभाग, काठमाडौं विश्वविद्यालय, धुलिखेल, काभ्रे


सडकमा वेवारिसे छाडिएका गाईबाच्छा, साँढेहरूको

**संरक्षणमा हातेमालो गरौं !**

पृथ्वी सबैको साझा घर हो। यहाँ सबै प्राणीहरूले बाँच्न पाउने अधिकारको सुनिश्चितता गरौं। हरेक दिन गाईबाच्छाहरूका लागि केही दान गरौं। जन्मोत्सव, विवाहोत्सव आदि शुभकार्यहरू र अन्य उत्सव या स्मृतिमा गौमाताको सेवामा केही योगदान गरौं। आफू पनि बाँचौं र अवोध प्राणीहरूलाई पनि बचाऔं। सेवा नै सबैभन्दा ठूलो धर्म हो।

जय गौमाता !





**नन्दी सेवा स्थल**

**मन्दिर गाई बाच्छा बचाऊ तथा समाज विकास अभियान**

**फूल पसल लाइन, वनकाली, सम्पर्कः ९८०८२९७४८५, ९८४१२०४००६**

# श्रीमहाकाल विरचित सुप्रसिद्ध कर्पूरस्तोत्रको नेपाली भावानुवाद

-मुकुन्द शर्मा चालिसे

अङ्गारे मेघ जस्तै असितवदनकी चण्डिके उग्रवामा
हे आमा ! मन्त्र क्रीं यो विधिसहित जपी बस्छ जो साधनामा
त्यस्ताको साथ लाईकन सहजसितै आउलान् सिद्धि सारा
बर्सेलान् ओठदेखिन् अविरल गतिमा गद्य वा पद्यधारा ॥१॥

घाँटीमा मुण्डमाला, शशि पनि शिरमा लाउँदी चण्डि ! माई !
तिम्रो हुं मन्त्रलाई विधिसित जसले जप्छ त्यो सिद्धि पाई
बोल्नमा देउताका गुरूकन, धनमा जित्न सक्ला कुबेर
रूपासे सुन्दरीका लहर उससितै आउलान् झुम्मिएर ॥२॥

लामो झाँत्रो फिँजेकी फररफर फुको दिव्यताको छ छाँट
निस्कन्छन् रक्तधारा घुटुघुटु पिउँदा ओठका छेउबाट
तिम्रो ह्रीं मन्त्रलाई पनि सविधि जपी सिद्ध गर्ने मनुष्य
हे काली दक्षिणे ! त्यो रिपुदलन गरी विश्व जित्ला अवश्य ॥३॥

देब्रेको माथि माला तल नरशिर छन् सव्यमा अन्य चाला
माथिल्लोमा छ मुद्रा अभय, वर दिने हात तल्लो निराला
जो जप्ला मन्त्र तिम्रो बहुत झलमले रूपको ध्यानसाथ
हे दाह्रे कालि ! माता ! उससित शिवका आउलान् सिद्धि आठ ॥४॥

क्रीं क्रीं क्रीं फेरि हुं हुं अनि पछि उसका साथ ह्रीं ह्रीं उसैमा
दोब्र्याई चौध पारी उससित अधिको दक्षिणे कालिके मा
स्वाहा यो मन्त्र जोडी बिस र दुइ गरी जप्छ जो ध्यानसाथ
लक्ष्मीको वास बन्दो कमल सरहको पाउला भव्य गाथ ॥५॥

रक्ताम्मे मुण्डमाला पृथुल कुचसितै वक्षमा शोभिएका
हे देवी ! रूप तिम्रो मनन पनि गरी माथि औंल्याइएका
जो जो छन् मन्त्र जप्तै तिन दुइ अथवा एक यी बीज वर्ण
वाग्देवी साथ लक्ष्मी पनि सँगसँगमा आउलान् भाग्य भर्न ॥६॥

मरेका मान्छेका कर लरबराई कमरमा
चिता ओछ्याएरै लसपस महाकाल हरमा
जगत् जन्माएकी जननि ! जुन निर्वस्त्र रहने
तिमीलाई जप्ने शठ पनि महान् सर्जक हुने ॥७॥

लडेका छन् हड्डी, नजिक खतरा स्याल पनि छन्
चिताको ज्वालामा धपधप महाकाल पनि छन्
उहीँ चढ्दै उल्टो रतिरस लिएकी त्रिनयना
मृडानी जप्नेको विजय नभई छोड्छ र कहाँ ?॥८॥

न बुझ्छन् ब्रह्माजी न गिरिश न ता विष्णु महिमा
कहाँ बुझ्छौं हामी फगत गनियौं मूर्ख नरमा
अहो ! हाम्रो भक्ति प्रबल छ र तिम्रो भजन होस्
क्षमा पाऔं काली ! पशुसित रिसाएर किन होस् ?॥९॥

निकै ठूला फाँचा अनि पुठ हुने मस्त तरूनी
लुगा जम्मै फाली छरबर छरी कुन्तल पनि
उनैमा पल्टी जो जपनिरत होलान् कविजन
तिनै धेरै बाँची सुमरिरहलान् सिद्धि गहन ॥१०॥

सुतेकी मज्जाले अविकल महाकालउपर
रहन्छ्यौ शर्वाणी ! रतिलहर ल्याई लरबर
तिमीलाई जप्ने सुकृतिजनका पद्मकरमा
अवश्यै झर्नेछन् बरबर महान् सिद्धि परमा ॥११॥

तिमीबाटै चल्छन् सृजन, लय वा पालन पनि
यसैले ब्रह्माजी, पशुपति कि दामोदर पनि

अशक्तै छन् तिम्रो सकल महिमा गाउन भने
अरू हामी जस्ता अबुझ जनको के गति हुने ?॥१२॥

अरू धेरै द्यौतातिर लहसिने भाकलसित
कहाँ बुझ्छन् स्वाँठे मनुज महिमा त्यो अविदित
तिमी हौ ब्रह्माजी, हरि र शिवले पूजित उमा
डुबेकी भित्रैको रसबिच, म आएँ शरणमा ॥१३॥

धरा, पानी, आगो, पवन अनि आकाश सबमा
तिमी नै छ्यौ काली गिरिशगृहिणी ! मात्र भवमा
गरूँ ऐले कस्तो विनति, म छु आफै अशरण
खुसी होऊ आमा ! अब पछि नहून् जन्म-मरण ॥१४॥

बसी एकान्तैमा स्थिरमति भई केश नकसी
चढाई फक्रेका कुसुम, दुइटै पट्टल कसी
सँगै जप्दै जाँदा जननि ! अधिका मन्त्र गहन
मलाई मिल्ने भो भुवनभरको मालिकपन ॥१५॥

नुहाई मज्जाले, तुजुक सब छोडी, विषयमा
नधाई, एकान्तस्थलबिच, रही मध्यनिशिमा
जपोस् कालीलाई शुभदिन ठम्याई बिनुडर
उही चढ्ला हात्ती त्रिभुवन जितेको कविवर ॥१६॥

उँधो फर्केको जो त्रिभुज छ उसैमा कुसुमले
सिँगारी बालाको जपसित गर्‍यो ध्यान जसले
उही डुब्ला काव्यात्मक अमृतखोलामुनि कवि
लिएझैं गन्धर्वाधिप अगममा लीन पदवी ॥१७॥

रहेको एकान्तस्थलबिच सहस्रारकमल
त्यसैमा पल्टेकी शिवसित तिमी मुग्ध तरल
त्यही सोच्दै बस्ता पनि रस लिँदै त्यो विषयको
उही होला आफै मदन सरिको रूपवयको ॥१८॥

बिरालो-भेडोमा, अज-महिषमा, ऊँट-नरमा
रहेका ती आफ्नै विकृति वलि मानेर मखमा
चढाओस् जोकोही पनि सुजन आस्थासित यता
नसोचेको मिल्ला उसकन अवश्यै सफलता ॥१९॥

सधैं चोखो खाई नियमित गरी इन्द्रिय पनि
निशामा एकान्तस्थलबिच रतानन्दित बनी
कुनै तिम्रो प्यारो जन जप गरोस् लाखपटक
उही होला मानौं मदनविजयी ताण्डवनट ॥२०॥

यिनै मन्त्रद्वारा विषय सब उद्धारसहित
शिवे ! तिम्रो पूजा नियमित गरी ध्याननिरत
पढेमा कर्पूरस्तव सुजनले मध्यनिशिमा
छँटाएरै बोलोस्, तदपि गनिने काव्यरसमा ॥२१॥

यही जप्नेलाई हरिणनयनाको स्मिति मिलोस्
जगत्का सम्राट् हून् वश, धनदको सम्पति मिलोस्
चलून् वैरी कारागृह, सब पुऱ्याएर रहर
जिओस् धेरै धेरै, मरण पछि होस् भक्त अमर ॥२२॥❖

बूढानीलकण्ठ-४, कैलासकुञ्ज

■ जब तिमीलाई कसैले गाली गर्दछ अथवा कटुवचन बोल्दछ, तब तिमीलाई कष्ट हुने गर्छ । यसै प्रकारले जसलाई तिमी कटुवचन बोल्दछौ, उसलाई पनि कष्ट हुनेछ । यस्तो सोचेर कहिल्यै पनि कसैलाई यस्तो कुरा नबोल्ने गर कि जसलाई तिमी अरूद्वारा सुन्न चाहँदैनौ । जस्तो व्यवहार अरूबाट चाहन्छौ उस्तै व्यवहार तिमीले पनि अरूको साथ गर्ने गर ।

■ जे जसलाई मनुष्यले सुखको साधन सम्झन्छ, उसैमा इष्टबुद्धि हुने गर्छ । धन, स्त्री, पुत्रादिबाट सुख मिल्नेछ । यस्तो निश्चय हुनाले नै तिनको प्राप्तिका लागि मनुष्यले प्रयत्न गर्दछ । यसै प्रकारको इष्टबुद्धि जब परमात्मामा हुन थाल्छ, तब परमात्माको प्राप्तिका लागि पनि मनुष्यले अभ्यास गर्न थाल्छ तथापि अभ्यासमा दृढता तबमात्र आउँदछ जब शास्त्र र गुरुहरूसँग यस्तो निश्चय हुन जान्छ कि परमात्माको प्राप्तिमा सुख हुनेछ, साथै शान्ति मिल्नेछ ।

■ जुन राष्ट्रले शत्रुसँग मुक्त भएर विश्वभरि नै सधैं सुख शान्तिको अनुभव गर्न चाहन्छ, उसका लागि यो आवश्यक हो कि उसका राष्ट्रनिर्माता अथवा कर्णधार हरुले आफ्ना आन्तरिक शत्रुमाथि विजय प्राप्त गरुन् ।

– स्वामी श्रीब्रह्मानन्द सरस्वतीजी

# अद्भूत रामायण चर्चा



–मोहनप्रसाद आचार्य

महर्षि वाल्मीकि जसलाई संस्कृत साहित्यमा आदिकविको नामले चिनिन्छ । उनैद्वारा रचित रामायण मध्येको एक रामायणको नाम हो अद्भूत रामायण । यो रामायणले आफ्नो नामको सार्थकतालाई प्रमाणित गरेको छ । यस भित्र वर्णित कथा तथा प्रसङ्गहरूले रामायणका ज्ञाता र राम कथा जान्न बुझ्न चाहने व्यक्तिहरूलाई पनि विष्मयका साथ अचम्मित बनाउँछ । प्रायः त्यस्ता व्यक्तिहरू जसले रामायण नपढेको अथवा नहेरेको पनि हुन सक्दछ तिनलाई पनि यो रामायण रोचक लाग्दछ ।

यी धराधाममा भगवान्को सातौं अवतार नै रामावतारको रूपमा भएको र मर्यादापुरूषोत्तम भनी वर्णनमा आएको दोखिन्छ । यसरी रामकथा वर्णन गर्ने "सतकोटी रामायण छन् भनेर भनिन्छ । आजकल हाम्रो आर्यावर्त क्षेत्र भित्र यस्ता रामायणहरूको संख्या पच्चीस सय (२५००) छ भनेर भनिन्छ । हाल आर्षरामायण (वाल्मीकि रामायण) आनन्द रामायण, अध्यात्म रामायण, भावार्थ रामायण, कन्व रामायणहरू देखापर्दछन् । यी रामायणहरूको साथै गोस्वामि तुलसीदासजीको रामचरितमानस (तुलसीकृत रामायण) सबैभन्दा लोकप्रिय रामायणको रूपमा गणना भएको देखिन्छ । भारत तथा नेपाल गरी दुवै देशमा यो रामायणले ख्याति जमाएको छ । त्यसै गरि नेपाल र भारतको दार्जेलिङ क्षेत्रमा आदिकवि भानुभक्त आचार्यको रामायण देखापर्दछ । यी रामायण बाहेकका अन्य रामायणहरू प्रायः दुर्लभ नै देखिन्छ । भनिन्छ यस्ता कैयौं दुर्लभ रामायण ब्रह्मलोकमा अवस्थित छन् । यो कुरालाई रामायणका विद्वान्हरूले नै भन्ने गरेका छन् ।

अद्भूत रामायणले पनि राम तथा सीतालाई एकाकार गराई ब्रह्मको रूपमा प्रतिपादन गरेको पाइन्छ । यो रामायण महर्षि वाल्मीकिले तमसा नदीको किनारामा ध्यानस्त अवस्थामा रहँदा त्यहाँ आइपुग्नु भएका मुनिवर भारद्वाजलाई वर्णन गरेको बुझिन्छ । जव मुनिवर भारद्वाजले यो रामायणको बारेमा विस्तृत जानकारी लिने इच्छा जाहेर गरे । मुनिवर भारद्वाजको इच्छा पूर्ण गराउन आदिकवि वाल्मीकिले अयोध्या नगरको वाहिर तामसा नदीको किनारामा नै यो रामकथा वर्णन गर्नुभएको बुझिन्छ । अतः यो अद्भूत रामायण भित्र सुनिवर भारद्वाज र वाल्मीकि ऋषिको सम्वादस्वरूप आएको रामगाथा भनिन्छ र चिनिन्छ पनि ।

चरितं रघुनाथस्य शतकोटि प्रविस्तरम् ।
एकैक मक्षरं पुसाँ महापातकनाशनम् ॥

रामायणहरूको लेखन तथा वर्णन गर्ने क्रममा सयौं रामायणहरूको उल्लेख गरेको पाइन्छ । रामायण लेखनको परम्परामा यो अद्भूत रामायणको पनि महत्त्वपूर्ण स्थान रहेको पाइन्छ । यो रामायणको सबैभन्दा ठूलो विशेषता नै भगवान् रामचन्द्रद्वारा लंकास्थित दशानन् रावणको वध पश्चात अयोध्या फर्किसकेपछि माता जानकीले दशानन् रावण भन्दा शक्तिशाली सहस्त्रमुखी रावणको प्रसंग उठाउनु भएको देखिन्छ । माता सीताद्वारा यो रावण अझैसम्म जीवित रहेकोले त्यस्को वध गर्ने प्रेरणा आफ्ना पति श्रीरामचन्द्रलाई दिनु भयो । आफ्नी प्रियतमा सीताले दिएको प्रेरणा अनुसार भगवान् श्रीराम सीताको साथमा राक्षससँग युद्धगर्न गएको कथा प्रसङ्गले गर्दा पनि यो रामायण एकपटक अध्ययन गर्नै पर्ने ग्रन्थको रूपमा देखापर्दछ ।

जम्मा २७ (सत्ताईस) सर्गले युक्त भएको यस रामायणमा २० श्लोकको सानो सर्गदेखि १५९ श्लोकसम्म भएका सर्गहरू रहेका छन् । सबै २७ सर्गहरूको समस्त संख्या भने १३५८ भएको पाइन्छ ।

**सर्ग १**: महर्षि वाल्मीकिका परमशिष्य भरतद्वाजसँगको भेटघाट र तत्पश्चात् महर्षि वाल्मीकिद्वारा भारद्वाज मुनिलाई श्रीराम तथा माता सीता परब्रह्म भएको कारण प्रष्ट पार्दै यसको चरित्र पठन पाठनले राम भक्तिमा वृद्धि आउने कुरा

२४ श्लोकमा वर्णन गरिएको छ ।

**सर्ग २, ३ र ४**: यी सर्ग कथाहरूमा इच्छाकु वंशका महाप्रतापी राजा अम्बरीष जो भगवान् विष्णुका परम भक्त थिए, साथै रामका सच्चा उपासक पनि भएको बुझिन्छ । महाराज अम्बरीषको तपस्याबाट सन्तुष्ट भएका भगवान् विष्णुद्वारा अम्बरीषलाई सुरक्षित रहन सुदर्शन चक्र दिएको बुझिन्छ । कुनै दिन यी राजाको दरवारमा देवर्षि नारद तथा पर्वत ऋषिको आगमन हुन पुग्छ । उनीहरू दुवैले महाराज अम्बरीषकी पुत्री 'श्रीमति'लाई देखे । देख्ना साथ दुवै ऋषिहरू उनको सुन्दरतामा मोहित भए । दुबैमा मोहले ढाक्न गएको कारण विवाह गर्ने इच्छा प्रबल बन्न गयो । देवर्षि नारद तथा पर्वतले आफ्नो इच्छा गोष्य रूपमा राजालाई भने ।

श्रीमति नामक राजकन्या प्राप्त गर्ने उद्देश्य लिएर दुवै ऋषिहरू भगवान् नारायणको धाम 'वैकुण्ठ'सम्म पुगे । वैकुण्ठ धाममा दुबैले आफ्नो इच्छा भगवान्लाई सुनाए । दुबै ऋषिहरूको एउटै इच्छा भएको बुझ्नु भएका भगवान् नारायणलाई उनीहरूले गोप्य रूपमा एक अर्काको मुखाकृति वानरजस्तो बनाई आफूले कन्या पाउने कुरा सुनाए । यसरी वानराकृति भएको ऋषिलाई श्रीमति वरण नगर्ने र आफूलाई वरण गर्ने कुरामा दुवै ऋषिहरू आश्वस्थ भए । अम्बरीषको राज प्रासादमा कन्या वरण गर्ने इच्छाले पर्वत तथा नारद पनि पुगे । दुवै आ-आफ्नो आसनना वसे । दुवैको मुखाकृति वानराकारमा थियो । फलस्वरूप कन्याद्वारा दुवै ऋषिहरूमा वरमाला लगाई वरण हुन सकेन । स्वयं वैकुण्ठका अधिपति भगवान् विष्णु नै अति सुन्दर युवाको रूपमा प्रकट भए । अम्बरीष पुत्री श्रीमतिले पनि वरमाला यिनै पुरूषलाई पहिराइ दिइन् । भगवान् विष्णुले वरमाला ग्रहण गरी अम्बरीष पुत्री श्रीमतिलाई वैकुण्ठ लिएर गएको प्रसङ्गको साथै देवर्षि नारद तथा पर्वत ऋषिद्वारा भगवान् विष्णुलाई श्राप दिएको प्रसङ्ग वर्णन पाइन्छ ।

यसरी देवर्षि नारद र पर्वत मुनिको श्रापबाट भगवान् विष्णुको इच्छाकु वंशमा जन्म लिन परेको, पत्नी सीताको राक्षसद्वारा हरण भई दुःख व्यहोर्न पर्ने अवस्था परेको वर्णन र यी सबै कुरा भगवान् विष्णुकै इच्छा र मायाद्वारा भएको कुरा सर्ग २, ३ र ४ को क्रमश ५०, २८, र ८२ श्लोक भित्रका १७० श्लोकबाट बुझ्न सकिन्छ ।

**सर्ग ५**: आफूले पत्नी वियोगको पीडा सहन परेको कारण देवर्षि नारद, ऋषि पर्वतद्वारा भूतलमा लक्ष्मीले सीताको रूपमा जन्म लिएर राक्षस राज रावणको हरणमा बस्नु पर्ने श्राप कै कारण सीताले पृथ्वीतलमा अवतरित हुन परेको प्रसङ्गहरू यस सर्गमा ५८ श्लोकद्वारा वर्णन गरेको प्रसङ्ग पाइन्छ ।

**सर्ग ६**: ९१ श्लोकले युक्त भएको यस सर्ग भित्र हरिभक्तिमा परायण भएका भक्तहरूको चरित्रको साथै हरिभक्त ऋषि, ब्राह्मण तथा गन्धर्वहरूको प्रसङ्ग वर्णन गरिएको छ ।

**सर्ग ७**ः ६६ श्लोकले युक्त भएको यस सर्ग भित्र देवर्षि नारदलाई गान विद्या प्राप्त गराइएको प्रसङ्ग वर्णन पाइन्छ ।

**सर्ग ८**ः ४४ श्लोकले युक्त यस सर्गभित्र पृथ्वी देवी (अर्थात भूमिसुता)को रूपमा महाराज जनककी पुत्री भएर सीताले जन्म लिएको वर्णन गरिएको छ । भगवान् रामकी भार्या जनक नन्दिनी सीताजी मर्त्यमण्डलका ऋषिहरूको रक्तद्वारा मन्दोदरीको गर्भमा गई जन्म लिएको वर्णनको साथै रावणपत्नी मन्दोदरीद्वारा त्याग गरिएकी यिनै बालिका सीता हुन् भनी वर्णन गरिएका प्रसङ्गहरू देख्न सकिन्छ ।

**सर्ग ९**ः ३३ श्लोकले युक्त यस सर्ग भित्र जमदग्नि पुत्र परशुरामलाई भगवान् रामले आफ्नो विराट स्वरूपको दर्शन गराएको प्रसङ्गहरू रहेको देख्न सकिन्छ ।

**सर्ग १०**ः जम्मा २२ श्लोक मात्र भएको यस सर्ग भित्र मर्यादा पुरूषोत्तम भगवान् रामद्वारा महान भक्त अञ्जनीकुमार (मारूतिलाई)अर्थात् एकादश रूद्रावतार हनुमानलाई आफ्नो चतुर्भुज स्वरूपमा दर्शन दिएको प्रसङ्ग पाइन्छ ।

**सर्ग ११ देखि १५ सम्म**ः यी सर्गहरूमा क्रमशः ५५, २४, ३२, ५५ र २५ श्लोकहरू रहेका छन् । यी श्लोकहरूको गणना १९१ मात्र छ । भगवान् श्रीरामद्वारा आफ्ना प्रिय भक्त हनुमानलाई साङ्ख्य ज्ञान रूपी उपदेश, वेद तथा उपनिषद्का सिद्धान्त तथा त्यसको महत्त्व दर्शाउँदै भक्तियोगको वर्णन गर्दै भनिएको छ कि

अन्येऽपि ये विकर्मस्थाः शूद्राद्या नीच जातयः
भक्तिमन्तः प्रमुच्यन्ते कालेन मयि सङ्गता ॥ सर्ग १३/११

कुनै वर्ग, कुनै जातमा जन्म भएको नै किन नहोस जसले सदैव अकर्म मात्र गर्दछ भने पनि त्यस्ता अकर्म कार्य गर्ने व्यक्ति पनि यस्ता कुरालाई त्याग गरेर मेरो भक्ति गर्दछ भने मेरो लोकको साथै मोक्ष प्राप्त गर्दछ । यसरी भगवान् श्रीरामद्वारा आफ्ना भक्त हनुमानलाई परम ज्ञान समेत दिइएको देख्न सकिन्छ ।

**सर्ग १६**ः यस सर्गमा जम्मा २० श्लोक रहेका छन् । यसमा रावणको वध भई श्रीलङ्काबाट अयोध्या आगमन गरेका राम तथा सीताको राज्यारोहणको प्रसङ्ग वर्णन गरिएको छ ।

**सर्ग १७**ः यस सर्गभित्र जम्मा ६८ श्लोकहरू छन् । यसै सर्गमा माता सीताद्वारा श्रीरामलाई सहस्त्रमुखी रावणको बारेमा जानकारी दिनुभएको छ–

श्रेष्ठ सहस्त्रवदनो रावणो लोक रावणः ।
स्वाभाविकबलेनासो पुष्कर द्वीपमाश्रित ॥
सूर्याचन्द्रमसो गृत्रीडकन्ट्रकलीलया ।
कुलाचलान्समुद्‌गृध्य कन्दुकं त्रीडते हि सः ॥
(सर्ग १७ को ४४/४५)

१८ देखि २५ सम्मका पाँच सर्गभित्र क्रमशः ७१, ४८, ३१, ५२ र ५१ श्लोक गरी २१७ श्लोकहरूमा सहस्रमुखी रावणसँग युद्ध गर्न सीता सहित श्रीराम प्रस्थान गर्नु भएको बडो रोचक कथाका साथै भयङ्कर शरीर भएका राक्षसहरू श्रीरामसँग युद्ध गर्न आएको प्रसङ्ग पाइन्छ । सहस्त्रमुखी रावणका छोराहरू पनि अस्त्र शस्त्र लिएर रामसँग युद्ध गर्न आएको देखिन्छ । साथै श्रीरामसँग युद्ध गर्ने अभिलाषाले युद्धक्षेत्रमा सहस्रमुखी रावणको प्रवेश हुन्छ । दुवैपक्ष बीच घमासान युद्ध भई युद्धक्षेत्रको रण भूमिमा कोलाहल मच्चिन जान्छ । युद्धभूमिमा लड्दा लड्दै भगवान् श्रीराम पनि सहस्रमुखी रावण र उसको पुत्रहरूको आक्रमणबाट अचेत अर्थात् मूर्छा अवस्थामा पुगेको वर्णन पाइन्छ ।

**सर्ग २३**ः यस सर्ग भित्र जम्मा ७८ श्लोकहरू छन् । युद्धस्थलमा श्रीरामचन्द्र मुर्छा परेपछि जनकनन्दिनी सीताजीद्वारा भयाङ्कर कालीको रूप धारण गरी अन्यान्य देवीहरूलाई आफ्नो शक्तिद्वारा प्रकट गरी युद्धमा संलग्न भएको वर्णन आउँछ । यसरी शक्तिस्वरूपमा सीताजीले महाकाली स्वरूपबाट नै अति बलवान् देवकन्टक सहस्रमुखी रावणको अन्त्य अर्थात् वध गरेको प्रसङ्गहरूको वर्णन पाइन्छ ।

**सर्ग २४**ः यस सर्गका ४४ श्लोकहरूमा सहस्त्रमुखी रावणको आक्रमणबाट युद्धमा मुर्छित अर्थात् पराजीत हुनु भएका भगवान् श्रीरामलाई सान्त्वना प्रदान गर्न देवता, ऋषि तथा ब्राह्मणहरूको साथमा लोक पितामह ब्रह्माजीको आगमन हुन्छ । ब्रह्मादि देवताहरूको स्तुतिबाट रामको मूर्च्छा खुल्न पुग्दछ । रावण (सहस्त्रमुखी) लाई आफूले वध गर्न नसकेको कारण शोकरूप सागरमा डुब्नुभएका श्रीरामको मनरूपी शोक र व्यथाको पनि अन्त्य भएको वर्णन पाइन्छ ।

**सर्ग २५**ः यस सर्ग भित्र १५९ श्लोकहरू रहेको र यी श्लोकहरूमा त्रिभुवनमा कन्टकको रूपमा रहेको दोश्रो

रावणलाई सहस्त्रमुखी रावण भनेर वर्णन गरिएको छ । यस वखतसम्म सीताजीको महाकाली स्वरूप कायमै रहेकाले भगवान् रामद्वारा चण्डिस्वरूपा सीतालाई शान्त गराउन सीताजी कै सहस्र नाम (१००० स्तोत्र)द्वारा स्तवन गरिएको प्रसङ्ग वर्णन पाइन्छ ।

**सर्ग २६ र २७**: यी दुई सर्गभित्र क्रमशः ४७ र ३२ श्लोकहरू देखापर्दछन् । यसप्रकार जम्मा ७९ श्लोकको वर्णनमा सहस्रमुखी (१०० मुख) रावणको वध पश्चात् रामद्वारा सीताजीको स्तवनको वर्णन आउने र माताजीले अर्थात् सीताजीले धारण गर्नुभएको क्रोधारूपलाई त्याग गरी आफ्ना स्वामी श्रीराम समक्ष आफ्नो पूर्व सौम्य रूपमा फर्कनु भएको वर्णन पाइन्छ । युद्ध क्षेत्रमा पुग्नु भएका ब्रह्माजी समेत सबै देवगण, वानरका गण, ऋषिमुनिहरू सबैलाई भगवान् श्रीरामद्वारा आ-आफ्नो वासस्थान फर्कन आग्रह गर्नुभयो । अन्त्यमा सबैको विदावारी पछि भगवान् रामचन्द्र पनि आफ्नी आल्हादिनी शक्ति सीताको साथमा अयोध्या फर्कनु भएको वर्णन पाइन्छ ।

अतः यस अद्भूत रामायणको २७ सर्ग र त्यसभित्रका १३५८ श्लोकहरूले भगवान् श्रीरामचन्द्रले यो धराधाममा मनुष्य भइ जन्म लिनाको कारणका साथै सीताजीको जन्म चरित्रलाई मात्र वर्णन नगरी इच्छाकु वंशका महान् विष्णुभक्त राजा अम्बरीषको चरित्र समेत वर्णन गरिएको छ । यसको साथै माता सीताको जन्म चरित्र र अम्बरीष पुत्री श्रीमतिको चरित्र वर्णन गरिएको छ । देवर्षि नारद तथा पर्वत मुनिको विवाह गरी गृहस्थ बन्ने 'मोहरूपी इच्छालाई मायापति भगवान् विष्णुद्वारा आफू र लक्ष्मी समेतलाई श्रापित पार्न सफल भएको कुरालाई महत्त्वपूर्ण रूपमा वर्णन गरिएको छ । त्यसैगरी रावणी पत्नी मन्दोदरीको गर्भबाट माता सीताको जन्म वर्णन गरिएको छ । जमदग्नि पुत्र परशुरामले भगवान् रामको विश्वरूपको विग्रहमा दर्शन पाउनु जस्ता अद्भूत विषयहरूले गर्दा नै यस रामायणको नाम अद्भूत हुन गएको कुरालाई महर्षि वाल्मीकिले आफ्ना शिष्य भरतद्वाज मुनिलाई बताउनु भएको छ । यी सबै कुराहरू यो रामायणको विशेषतामा पर्न आउँछ ।

भजेतयो रामम्चिन्त्यरूपमेकेन भावेन च भूमिपुत्रीम् ।
एतत्सुपुण्यं शृणुयात्पठेद्वा भूयो भवेन्नो जठरे जनन्या ॥

(अद्भूत रा० २७/३२)

यो रामायणका नायक श्रीरामचन्द्रको भजन कीर्तन ध्यान पूजा अर्चना गरी माता सीताजीमा समर्पित हुन्छ भने त्यस्तो व्यक्ति पुनः आमाको गर्भमा आउन पर्दैन । संसारका सबै भवबन्धनबाट मुक्त पनि हुन्छ ।❖

चाँगुनारायण- ३, झौखेल, भक्तपुर

## सत्य वचन

- ❑ छलछाम, झुटो, मनगणन्ते, ठूलो स्वर र कुटिल शब्दावली प्रषेग गरी बोल्ने व्यक्ति सदैव असफल रहनुका साथै सस्तोमा शत्रुता कमाइराखेको हुन्छ ।
- ❑ अनैतिक र भ्रष्टाचार गरी कमाएको धनले वंश विनाश र अनेक रोग, शोक, भय,त्रास उत्पन्न गरी अन्त्यमा नाश हुन्छ ।
- ❑ कितावका पण्डितहरू धर्मको उपदेश अरूलाई सुनाउनमा मस्त रहन्छन् । परन्तु सच्चा साधक सन्त आफैं सुन्छन् र स्वयम् उसको आचरण पालन गर्दछन् ।
- ❑ भौतिक आनन्द लिनुभन्दा आध्यात्मिकताबाट प्राप्त गर्नु सजिलो उत्तम मार्ग हो । त्योभन्द्या पनि आदि दैविकबाट प्राप्त गर्नु नै मोक्ष(मुक्ति मिल्नु हो ।
- ❑ दुःख र सुख त चित्तको भाव हो । न त यहाँ दुःख नै छ न त सुख नै ।।
- ❑ जुन व्यक्ति विषयमा गहन चिन्तन मनन गरी खोज्दछ, उसैले नै रत्नको भण्डार पाएँछ । जो व्यक्ति डुबिन्छ कि भनेर सागरमा पस्दैन, ऊ त किनारामा हुनु स्वभाविकै हो ।
- ❑ गुणको बदला गुणले नै तिर्नु अर्थात् वैगुनले होइन ।
- ❑ आफ्नो बोली र कर्ममा सबैब अडिग रहने सन्त हुन् भने मौका हेरी बोली र कर्म फेर्ने दुर्जन हुन्, होसियार !

संकलक योगी म.सू.सु.

# मृत्यु के हो ?

उर्मिला भण्डारी

मृत्यु एक शाश्वत सत्य कुरा हो । शरीरको बनावट नै यस्तो छ । प्रारब्धको खेललाई खेलेर यो धरा धामलाई छोडेर सबैले एकदिन जानैपर्छ । यो जानुलाई नै सबैले मृत्यु भन्छन् । शरीरबाट प्राणको बहिर्गमन नै मृत्यु हो भन्ने सबैको मान्यता छ ।

पञ्चमहाभूत (पृथ्वी, जल, तेज, वायु, आकाश) मिलेर अन्न उत्पन्न हुन्छ । त्यो अन्न खाएर मानव शरीरको विकास हुन्छ । यसरी विकसित भएको स्त्री शरीरमा रज र पुरुष शरीरमा वीर्य उत्पन्न हुन्छ । त्यही रज र वीर्यको सम्मिश्रणबाट स्त्रीको गर्भमा अर्को शरीरको निर्माण र विकास हुन्छ । शरीरको जन्म र विकासको कारण अन्न र अन्नको पनि कारण पञ्चमहाभूत भएकोले शरीरलाई पाञ्चभौतिक शरीर भनिन्छ । यो पाञ्चभौतिक शरीरलाई मृत्यु पश्चात जलाइन्छ अनि खरानी र अस्तु पृथ्वीमा मिल्छ । शरीर जलाएको अग्नीको प्रकाश व्यापक प्रकाशमा मिल्छ । शरीरमा भएको जलांश बाफ भएर आकाशमा गई बादल बनेर जलको रूपमा बर्सिन्छ । प्राणवायु समष्टिवायुमा मिल्न जान्छ । आकाशतत्त्व महाकाशमा मिल्छ ।

शास्त्रमा शरीर तीन प्रकारको भनि बताइएको छ- स्थूल शरीर (अन्नमयकोष), सूक्ष्म शरीर र कारण शरीर । बाहिर देखिने शरीर स्थूल शरीर हो । त्यस्तै, पञ्च ज्ञानेन्द्रिय- आँखा, नाक, कान, जिब्रो, छाला; पञ्च कर्मेन्द्रिय- हात, गोडा, गुदद्वार, मूत्रद्वार, वाणी र पञ्चप्राण- अपान, व्यान, समान, उदान र प्राण तथा मन र बुद्धि गरी सत्र तत्वले बनेको शरीरलाई सूक्ष्म शरीर भनिन्छ । त्यसैगरी, कुनै कारणभेदले जन्मलिनु त्यो कारण शरीर हो ।

रामगीतामा भगवान् रामले आफ्ना भाइ लक्ष्मणलाई अज्ञान नै शरीर जन्मिनुको मूल कारण हो भनी बताउनुभएको छ । जीवात्माले आफ्नो वास्तविक स्वरूपलाई नजान्नु नै अज्ञान हो । यसरी अज्ञानको कारणले जीव बारम्बार जन्मन्छ र मर्छ । तर जुन जीवात्माले जीव र ब्रह्मको एकताको साक्षात्कार गर्दछ उसको जन्म मृत्युको प्रवाह रोकिन्छ । मृत्युपश्चात पञ्चमहाभूतले बनेको शरीर पञ्चमहाभूतमा नै मिलेझैं सूक्ष्म शरीर पनि आ-आफ्नो कारणमा नै गएर मिल्दछ । जस्तैः पञ्च ज्ञानेन्द्रियः आँखाको तेज सूर्यमा गई मिल्छ, कानको श्रवणशक्ति दिग देवतामा गएर मिल्छ । नाकको सुँघ्न सक्ने शक्ति अश्विनी कुमारमा गएर मिल्छ । जिब्रोको शक्ति वरूणमा गएर मिल्छ । छालाको स्पर्शको शक्ति वायुमा गएर मिल्छ ।

पञ्च कर्मेन्द्रिय अन्तर्गतको हातको चलनशक्ति इन्द्रमा, गोडाको शक्ति उपेन्द्र (नारायण)मा मिल्दछ । गुदद्वारको उत्सर्ग (त्याग गर्ने शक्ति) यमराजमा मिल्छ । मूत्रद्वारको शक्ति प्रजापतिमा मिल्छ । मन चन्द्रमामा मिल्छ । वाणी अग्नीमा गएर मिल्छ । पञ्चप्राण समष्टि वायुमा गएर मिल्छ ।

कारण शरीर सूर्योदय अगाडीको कुहिरो जस्तो मात्र हो, सूर्योदय पश्चात कुहिरो स्वतः हराएझैं ब्रह्मज्ञान पश्चात कारण शरीर (अज्ञान) पनि स्वतः हराउँछ ।

पञ्चमहाभूत र पञ्चमहाभूतको कार्यको कारणको पनि कारण अर्थात सिङ्गो शरीरलाई सत्ता दिइरहेको व्यष्टि बनेको जो आत्मा नामधारी हो, त्यो पनि व्यापक वा समष्टि ब्रह्म नै हो । स्थूल शरीरबाट प्राण सहितसूक्ष्म शरीरको बहिर्गमन हुनु नै मृत्यु हो । यसरी जे जे जहाँ जहाँबाट आएको हो, त्यो त्यो त्यहीँ त्यहीँ गएको मात्र रहेछ । 'गच्छ गच्छ सुरश्रेष्ठ स्वस्थान परमेश्वर' भएको मात्र रहेछ मृत्यु ।

अरूले राख्न दिएको नासोलाई सुरक्षित साथ राख्छौं । आफ्नो हो भन्ने बुद्धि पनि गर्दैनौं, फेरि फिर्ता माग्न आउँदा खुसीसाथ त्यो सामान फर्काउँछौं । अर्काको नासो बुझाइयो भनेर आनन्द पनि मान्छौं तर यो प्रकृतिको नासो स्थूल र सूक्ष्म शरीर प्रकृतिमै मिल्न जाँदा हामी आफ्नो सर्वस्व लुटिएको ठान्दछौं । ज्यादै दुःखी हुन्छौं । मानसिक स्थिति नै बिगाछौं र रोगको शिकार भएर बाँच्दछौं । आफ्नो जन्मको कारण (बाबु आमा)को नजिक जानु बच्चाहरूको नैसर्गिक अधिकार हो भने आफ्नो उत्पत्तिको कारण पञ्चमहाभूतमा जानु वा समाहित हुनु शरीरको नैसर्गिक अधिकार होइन र ? ❖

# भगवान् बुद्धका उपदेशहरू

रामबहादुर तामाङ

सम्यक सम्बुद्धको रूपमा चिनिने गौतम बुद्ध बौद्ध धर्मका प्रणेता हुन् । २९ वर्षको अवस्थासम्म राजसी सुखमा बिताएका उनी संसारमा प्राणी मात्रमा व्याप्त दुःखको कारण र त्यसको निवारण के होला भनी चिन्तित रहन्थे । दरबार छोडेर ७ वर्षसम्म कठीन ध्यान साधना गरी बोधगयामा तपस्या गर्दागर्दै उनले बुद्धत्व प्राप्त गरे । बुद्धत्व प्राप्तीपश्चात उनले आफ्ना अनुयायीहरूलाई ज्ञान बाढ्ने क्रममा ग्रन्थहरूको रचना गरे ।

८४ हजार भन्दा धेरै सूत्रहरू सङ्ग्रहित भएको बौद्ध धर्मको मुख्य ग्रन्थ त्रिपिटक हो । जसमा शील, समाधि र पूजाको जगमा रही ध्यानको माध्यमद्वारा नै दुःखबाट मुक्ति पाउन सकिन्छ भन्ने कुरा मुख्य रूपमा उल्लेख गरिएको छ । बुद्धका मुख्य उपदेशहरू निम्नानुसार छन्ः

- **अरूको कुभलो नगर्नु** : आफ्नो स्वार्थ र आफ्नो प्राणको रक्षाको लागि जानी बुझी कुनै पनि प्राणीको हत्या नगर्नु । मनबाट हिंसा हट्ने बित्तिकै दुःखको निवारण हुन्छ ।
- **सत्यको बारेमा**ः सूर्य, चन्द्रमा र सत्य धेरै बेर लुकेर बस्न सक्दैनन् । जसरी सूर्य र चन्द्रमा हरेक दिन कही न कही देखा पर्दछन् त्यसैगरी सत्य पनि देखापर्दछ । त्यसैले मानिसले असत्यबाट टाढै रहनुपर्दछ ।
- **जीवनको उद्धेश्य प्राप्ती**ः जीवनमा कुनै लक्ष्य या उद्देश्य प्राप्त गर्नुभन्दा महत्त्वपूर्ण कुरा त्यहाँसम्म पुग्नका लागि लिएको सही बाटो हो । गलत बाटोबाट सही गन्तव्य प्राप्त हुन सक्दैन ।
- **प्रेमको बाटो**ः घृणाले घृणा कहिल्यै समाप्त हुँदैन । घृणा त केवल प्रेमद्वारा मात्र समाप्त हुन्छ । यही नै सत्य हो ।
- **आफूजस्तै अरू पनि**ः जस्तो म हुँ त्यस्तै ऊ पनि हो । जस्तो ऊ छ, त्यस्तै म पनि छु भन्ने भावनाले नै सबैलाई आफ्नो बनाउन सकिन्छ ।
- **आफूमाथिको विजय**ः जीवनमा अरूसँग सयौं लडाइ जित्नुभन्दा आफैंमाथि विजय प्राप्त गर्नु ठूलो कुरा हो । यहि नै वास्तविक जीत हो जुन कसैले छिन्न सक्दैन ।
- **वैरभाव नराख्नु**ः शत्रुहरूसँग पनि वैरभाव राख्नु हुँदैन । समभावले नै शान्ति ल्याउँछ ।
- **अहिंशा अँगाल्नु**ः पहिले इच्छा, भोक र बुढ्यौली गरी तीनवटा मात्र रोग थियो । मानिसहरूले हिंशा गर्न थालेपछि अहिले सयौं रोग छन् । पशुबलि धर्म रक्षा होइन, यो धर्मको विरूद्ध हो । मानिसले अहिंशा अँगाली अरू प्राणीको पनि रक्षा गर्नुपर्छ ।
- **छाला नओढ्नु**ः बुद्धले भन्नुभयो– भिक्षुहरू हो ! महाचर्मको नाममा सिंह, बाघ र चितुवा केहीको पनि छाला नओढ्नु । जसले महाचर्म धारण गर्छ, उसलाई दुष्कृत दोष लाग्दछ ।
- **वर्तमानमा बाँच**ः यदि तिमी शान्ति चाहन्छौ भने भूतकाल र भविष्यकालमा नअल्झिकन वर्तमानमा बाँच्नुपर्छ । ❖

–रामहिटी, बौद्ध, काठमाडौं

# सबै दिन एक समान हुँदैन

-उर्मिला पन्त

एउटा मानिस ज्यादै दुःखी थियो। उसलाई लामो बिरामीले सताइ राखेको थियो। जति उपचार गरे पनि रोग निको भएन। उससँग भएको सबै पैसा सकियो। उसको घरमा खानाको लागि अन्नको एक दाना पनि रहेन। ऊ खाली पेट लिएर हिँडिरहेको थियो। उसलाई सा-है भोक लागेपछि एउटा ठुलो घरको अगाडि गएर भन्यो- 'मलाई धेरै भोक लागेको छ, मसँग औषधि किन्ने पनि पैसा छैन, केही खान दिनोस्। औषधि किन्ने पैसा दिनोस्।' ऊ भकान्निएर रून कराउन थाल्यो।

उसको पुकार सुनेर घरको मालिक बाहिर आयो र त्यो विरामी मान्छेलाई गाली गर्न थाल्यो- 'तँलाई शरम लाग्दैन भिख मागेर खान ? काम गरेर खानुपर्छ यहाँबाट गइहाल।' हातखुट्टा सद्दे भएको मानिसले काम गरेर खानु पर्छ।'

त्यो भिख माग्ने मानिसले भन्यो- 'तपाईंले भनेको ठिक हो। म पनि पहिले आफ्नो कमाइले खान्थेँ। कोहीसँग पनि भिख मागेर खाएको थिइनँ। तर विरामीले गर्दा आज मेरो यो अवस्था भयो के गरूँ हजुर।' यति भनेर ऊ रून थाल्यो।

यो कुरा सुनेर घरको मालिकलाई दया आउनुको सट्टा रीस उठ्यो। उसले नराम्रोसँग गाली गरेर ढोकाबाट बाहिर निकाल्दे भनेर कामदारलाई आदेश दियो। कामदारले पनि मालिक धेरै रिसाउनु भएको छ तपाईं यहाँबाट गइहाल्नोस् भनेर बाहिर पठाइदियो। विचरा त्यो विरामी मान्छे कतै गएर पनि माग्न सक्दैनथियो, त्यही ढोका बाहिर बसेर रोइरह्यो।

केही वर्षपछि रातको समयमा एउटा विरामी चिच्याएर करायो- 'म भोको छु, म धेरै तनावमा छु, मलाई मद्दत गर्नुहोस्।' यो कुरा सुनेर घरको मालिकले नोकरलाई बोलाएर भन्यो- 'जाऊ बाहिर गएर हेर। बाहिर भोको मानिस रोइरहेको छ ? उसलाई भित्र बोलाएर राम्रोसँग खाना खुवाऊ। उसलाई अरू कुनै कुराको आवश्यकता भए पनि पूरा गरिदेऊ। उसले के भन्छ मलाई सुनाउनु।' यति भनेर उसले नोकरलाई बाहिर पठायो।

नोकरले उसलाई बरण्डामा बसाएर राम्रोसँग खाना खुवायो। मालिकसँग केही पैसा मागेर दियो र फेरि पनि आउनुहोला है भनेर पठायो। नोकर ढोकाबाट भित्र आएर मालिकसँग रून थाल्यो। तँ किन रोएको ? भनेर मालिकले सोध्दा नोकरले भन्यो- 'कुनै समय म उनको घरमा नोकर बसेको थिएँ। उनको ठुलो महल थियो। शहरमा पनि उनको ठुलो प्रतिष्ठा थियो। आज यस्तो समय आउला भनेर कसले जानेको थियो र ? समय बहुत बलवान हुँदो रहेछ।'

नोकरको यस्तो कुरा सुनेर मालिकले भन्यो- 'तैले उसलाई चिनिस् तर उसले मलाई भने चिनेन। हेर म त्यही भोको विरामी मान्छे हुँ। कुनैदिन उसको घर अगाडि गएर भोकले रून गर्थे। त्यसदिन उसको आदेशअनुसार तैले नै मलाई धक्का दिएर घरबाट निकालेको थिइस्। त्यो मान्छे मै हुँ तर न तैले मलाई चिनिस् न त उसले मलाई चिन्यो।' समय सबैको आउँछ तर पर्खन सक्नुपर्छ।❖

स्रोतः अनन्त प्रेमार्पण



# महाशिवरात्रि २०८०

- अर्जुन लामिछाने

वि.सं. २०८० सालको महाशिवरात्रि पर्व गत फागुन २५ गते सम्पन्न भएको छ । महाशिवरात्रि भगवान् शिवको प्रिय रात्रि मानिन्छ । यसै रात्रिमा भगवान् शिव ज्योतिर्लिङ्ग स्वरूपमा प्रकट हुनुभएको धार्मिक मान्यता छ । महाशिवरात्रिको अवसरमा भगवान् श्रीपशुपतिनाथमा भक्तजनको ठूलो मेला लाग्ने गर्दछ । पशुपति क्षेत्र विकास कोषले मूल आयोजक समिति र विभिन्न उपसमिति गठन गरी मेला व्यवस्थित गर्न विशेष पहल गर्ने गर्दछ । वि.सं. २०५८ सालदेखि पशुपति क्षेत्रमा लाग्ने महाशिवरात्रि मेलामा प्रत्यक्ष सहभागी हुँदै खोज खवर सिविरमा एउटा जिम्मेवार स्वयंसेवकको रूपमा कार्य गर्दैआएको भएपनि यस पटकको शिवरात्रिमा स्वतन्त्र पर्यवेक्षकको रूपमा शिवरात्रि मेलालाई नियाल्ने अवसर मिल्यो । शिवरात्रिका अवसरमा अनुभव गरिएका केही कुराहरू बुँदागत रूपमा प्रस्तुत गरेको छु –

- महाशिवरात्रि पर्व व्यवस्थापनका लागि माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीको संयोजकत्वमा ४१ सदस्यीय मूल समारोह समिति र त्यसै अन्तरगत पर्ने ८ विभिन्न उपसमिति गठन गरिएको थियो । उपसमितिहरूमा सुरक्षा व्यवस्था उपसमिति (सदस्य-सचिव राजुकुमार खत्री), स्वयंसेवा परिचालन व्यवस्था उपसमिति (कोषाध्यक्ष नारायणप्रसाद सुवेदी), मन्दिर दर्शन, चन्दा वितरण एवम् रात्रिकालीन व्यवस्था उपसमिति (परिषद् सदस्य रामेश्वर संगत), प्रचारप्रसार तथा आवास, भोजन तथा भौतिक पूर्वाधार व्यवस्था उपसमिति (परिषद् सदस्य बाबुशरण सुवेदी), साधुसन्त तथा धार्मिक कार्यक्रम व्यवस्था उपसमिति (परिषद् सदस्य हरिनाथ ढकाल), वातावरण सरसफाइ तथा जुत्ताचप्पल व्यवस्था उपसमिति (परिषद् सदस्य श्रीमती रेणुका पराजुली), स्वास्थ्य सेवा व्यवस्था उपसमिति (परिषद् सदस्य शिक्षित पराजुली) र, मेला बजार तथा साजसजावट व्यवस्था उपसमिति (परिषद् सदस्य डा. भरतप्रसाद बडाल) रहेको थियो ।
- महाशिवरात्रि मेलाको प्रयोजनको निम्ति पशुपति क्षेत्र विकास कोषले मूल समारोह समितिको व्याच र अन्य १३ प्रकारका पास (परिचय पत्र), तीन प्रकारका सवारी

पास र वडाबाट स्थानीय व्यक्तिहरूको निम्ति स्थानीय पास जारी गरिएको पाइयो । जसमा मूल समारोह समिति, मन्दिर सेवा पास र पशुपति क्षेत्र विकास कोषका कर्मचारीहरूको परिचय पत्र र सुरक्षा निकायका व्यक्तिवाहेक अन्य परिचयपत्र या पासका आधारमा सिधै मन्दिर पस्न नपाइने व्यवस्था गरिएको थियो । राज्यको चौथो अंग पत्रकारलाई विगत वर्षमा सूचना तथा प्रशारण विभागबाट जारी परिचयपत्रको आधारमा मन्दिर कोर क्षेत्रसम्म प्रवेश गर्न पाउने व्यवस्था गरिए पनि यसपटक भने पुनः कोषले अलग रूपमा पत्रकार पास (जसमा सञ्चार माध्यम उल्लेख गर्नुपर्ने प्रावधान थिएन) जारी गरी त्यस्ता पास वाहक जो कोहीलाई कोर क्षेत्रसम्म प्रवेश दिने व्यवस्था गरेको थियो ।

- महाशिवरात्रिको पूर्व सन्ध्यामा गरिने प्रभातफेरि (शोभायात्रा) यस पटक पनि शिवरात्रिको दुई दिन अगाडि फागनु २३ गते आयोजना गरिएको थियो । शोभायात्रामा पशुपति क्षेत्र विकास कोषको मातहतमा रहेको नेपाल वेद विद्याश्रम परिवारको विशेष उपस्थिति थियो । साधुसन्त र अन्य धार्मिक संघसंस्थाका प्रतिनिधिहरूको उपस्थिति विगत वर्षहरूको तुलनामा न्यून थियो ।
- शिवरात्रिको विहान श्रीपशुपतिनाथ मन्दिर अन्य शिवरात्रिका अवसरमा भन्दा केही अगाडि २:३० बजेबाटै सर्वसाधारणको निम्ति खुल्ला गरिएको पाइयो ।
- शिवरात्रिमा मन्दिर दर्शनका लागि कपनबाट आएको भक्तजनको एक समूह बेलुकी सातै बजेबाट गुरू मन्दिर अगाडिको द्वारमा बसेका भेटिए । मन्दिर दर्शनको निम्ति ढोका खुल्नु अगाडि निर्धारित मार्गमा भक्तजनहरूको लामो लाइन भइसकेको थियो ।
- शिवरात्रिको विहान ३:३० बजे अचानक विद्युत आपूर्ति बन्द हुँदा केही समय कोलाहल सिर्जना भएको थियो । मन्दिर परिसरमा छिट्टै विद्युत आपूर्ति भए पनि बाहिरी क्षेत्रमा आधा घण्टापछि मात्र विद्युत नियमित भएको थियो ।
- शिवरात्रिको अवसरमा पशुपति मन्दिर भित्र गरिने विशेष पूजाको निम्ति न्यूनतम १५,१००/- रकम तोकिएको थियो भने सो पूजा प्रयोजनको निम्ति दुई जनालाई मात्र सहभागी बन्ने व्यवस्था गरिएको थियो । त्यसैगरी ३५,०००/- र ६५,०००/- को पूजाको पनि प्रावधान राखिएको थियो । यी व्यवस्थामार्फत करिव ७५ लाख बरावरको विशेष पूजा गरिएको विशेष स्रोतले जनाएको छ ।
- विगतमाभन्दा महाशिवरात्रि पर्व व्यवस्था मूल समिति सानो र छरितो बनाइएको भए पनि समग्र बजेटको आकार विगतभन्दा बढी (कुल बजेट करिव १ करोड ५० लाख) छुट्याइएको पाइयो । यद्यापि खर्चको यथार्थ विवरण आइसकेको छैन ।
- कोर क्षेत्रमा चुनचुन डवलीमा एउटा स्वास्थ्य शिविर बाहेक अन्य शिविरहरू सञ्चालित थिएन । यसबाहेक अधिकांस भोजन तथा स्वास्थ्य शिविर हंशमण्डप परिसर, पार्किङस्थल, वनकालीतिर थिए । पारि तिलगङ्गातर्फ ब्रह्मकुमारी राजयोगको एक शिविर बाहेक अन्यत्र चिया नास्ता एवम् खाजाका होटल सञ्चालन गरिएको पाइयो ।
- शिवरात्रिको अवसरमा दक्षिणी मार्गमा गरिएको जुत्ताचप्पल व्यवस्थापन कक्ष अन्य वर्ष राखिएको स्थलभन्दा बढी व्यवहारिक र उपयुक्त देखियो । तर, पूर्वतर्फको जुत्ताचप्पल कक्षका निम्ति यसपटक राखिएको स्थानभन्दा पहिले राखिएको स्थल व्यवहारिक देखियो । अहिले स्थानमा जुत्ताचप्पल व्यवस्थापन गर्दा जुत्ताचप्पलको व्यवस्थापन नै धेरै व्यक्तिहरूको निम्ति गर्नुपर्ने मात्र होइन त्यस स्थानमा भक्तजनहरूभन्दा बाहिरका व्यक्तिहरूको चाप बढी भएको देखियो । अन्य मार्गमा भक्तजनको लामो लाइन भइरहँदा अपरान्ह ४ बजेबाटै उक्त कक्ष बन्द गरिएको पाइयो ।
- बजेटको अधिकांस रकम भौतिक पूर्वाधार, साजसज्जा, साधुसन्तको आवास, भोजन विदाइमा खर्च हुँदै आएकोमा यसपटक भौतिक पूर्वाधार अन्तरगत न्याम्प (फलामे बार), फलामेपुल निर्माणमा बढी जोड दिएको पाइयो । मन्दिर परिसरको साजसज्जाका लागि दाता परिचालन गरिएको पाइयो ।
- शिवरात्रिकै अवसर पारी श्रीशक्ति महिला समूहले पशुपति परिसरमा नियमित रूपमा प्राथमिक स्वास्थ्य सेवाको शुरूवात गरेको छ । पशुपति वृद्धाश्रमको पूर्वतर्फको



सत्तलमा दैनिक गरिने स्वास्थ्य सेवाबाट हरेक दिन दर्जनौ व्यक्तिले लाभ लिइरहेका छन् ।

- शिवरात्रिको पूर्वार्धमा वाग्मतीको पानीको वहाव रोकी बनाइएको जलासयले धेरै तीर्थयात्रीको मन खिचेको पाइयो । केही साधुसन्तले सोही जलासयमा स्नान गरेको दृष्यले मन प्रफुल्लित पनि भयो । यसबाट, नियमित सफाइ गर्न सके निश्चित मात्रामा पानीको सतह रहँदा पशुपतिको सुन्दरता बृद्धि हुने देखियो ।
- पशुपति मन्दिरको पश्चिमतर्फको मूलद्वार र मन्दिरभित्रको चारैद्वारमा गरिएको साजसज्जाले भगवान्को दर्शनको निम्ति न्याम्पमा बसेका भक्तजनलाई अवरोध सिर्जना गरेको गुनासो सुनियो ।
- महाशिवरात्रिका अवसरमा राष्ट्रपतिद्वारा पशुपतिनाथको दर्शन गर्ने क्रममा अघिल्ला वर्षहरूमाझैँ कोर क्षेत्रभित्र सवारीको प्रयोग गरिएन । पश्चिमतर्फको बाहिरी द्वारबाट राष्ट्रपति पैदल यात्राबाट मन्दिर दर्शन गर्नुभयो । यसपटक पूर्वराजाको तर्फबाट पशुपतिनाथको दर्शन भने भएन ।
- शिवरात्रिमा भक्तजन एवम् तीर्थयात्रीहरूको भोजन र आवासको निम्ति भागवत संन्यास आश्रम, राम मन्दिर, अन्नपूर्ण भण्डार, गोरखनाथ मन्दिर लगायतका संस्थाहरू र गुठी संस्थान, पशुपति क्षेत्र विकास कोष लगायतको योगदान देखियो भने शिवरात्रिको दिन सदाको शिवरात्रि जस्तै यसपटक पनि माँ ब्राह्मणी सेवा, शिवम् सेवा मण्डल, मित्र सेवा, पशुपति नित्य आरति परिवार, हिन्दु प्रतिष्ठान नेपाल लगायतका संस्थाहरूको विशेष योगदान पाइयो ।
- मृगस्थली उकालोतर्फ सिंढीमा बनाइएको अस्थायी फलामे द्वारको कारण त्यो मार्ग हुँदै हिंड्ने मानिसहरू बाध्यतावस जङ्गल हुँदै तिलगङ्गातर्फ भौतारिएको पाइयो ।
- पशुपति क्षेत्रलाई प्लास्टिक निशेधित क्षेत्र घोषणा गरिएको वर्षौं भयो । यस पटक पनि महाशिवरात्रिका अवसरमा आयोजित पत्रकार सम्मेलनमा वितरित प्रेस विज्ञप्तिमा 'पशुपति क्षेत्र प्लास्टिक निषेधित क्षेत्र पनि भएकोले मेला क्षेत्रमा सेवा प्रदान गर्ने सबै संस्थाहरूलाई भोजन, पानी, चिया वितरण गर्दा प्लास्टिक काँच, शिशा जस्ता फुट्ने प्रकृतिका सामाग्रीहरू र कप प्लेट प्रयोग गर्न पूर्ण रूपमा रोक लगाइएको छ' भनिएको थियो । तर यसको कार्यान्वयन गरिएको देखिएन । मन्दिर प्रवेश गर्ने मार्ग गुरू मन्दिरकै अगाडि र भुवनेश्वरी डवलीमा समेत प्लाष्टिकका कप प्लेट छरपस्ट फालिएको पाइयो ।
- कतिपय विद्युतीय साजसज्जा सम्पदामैत्री नभएको पाइयो । झा-सत्तल, फलामे पुल, बज्रघरको भित्तामा बालिएको बिजुलीबत्तीले सम्पदा क्षेत्र होइन कुनै डिस्को या पार्टी प्यालेसको झल्को देखाउँथ्यो ।
- उमाकुण्डतर्फको फलामे द्वारको भित्तामा टाँसिएको भगवान् शिव असान्दर्भिक तस्विरलाई लिएर सामाजिक सञ्जालमा समेत विरोध भएपछि कोषकै आधिकारिक व्यक्तिहरूबाट हटाउनु परेको घटनाले संवेदनशील विषयहरूमा समेत कोषको उचित ध्यान नपुगेको स्पष्ट देखियो ।
- रंगरोगनका क्रममा बाहिरी प्रवेश द्वार, वाग्मतीतर्फको सत्तल, आर्यघाट सेवा केन्द्र लगायत कतिपय प्राथमिकता दिनुपर्ने स्थलहरूलाई ध्यान नदिइएको पाइयो ।
- शिवरात्रिको मेलापछि पशुपति परिसरमा लाग्ने मेला (पसल) लाई यसपटक रोक लगाइयो । विगत वर्षमा सञ्चालित मेला विवादास्पद बनेपछि यसपटक यो मेला सञ्चालनमा रोक लगाइएको हो । विगतमा भएको त्रुटिलाई सच्याएर कोषले स्वयं जिम्मेवारी लिई मेला सञ्चालन गर्नु पर्नेमा त्यसो नगरिंदा पशुपतिको कोषमा प्राप्त हुने नियमित आम्दानी भने घट्न गएको छ ।

समग्रमा महाशिवरात्रि पर्व सम्वन्धमा कोषको तयारी फितलो भएकै हो । यस पर्वलाई सभ्य र भव्य रूपमा सम्पन्न गर्न कोषले विशेष तयारी गर्नै पर्दछ । यसमा हाम्रो प्रतिष्ठा र गौरव गाँसिएको छ । यसतर्फ आगामी दिनहरूमा गम्भीरतापूर्वक सोचिनु पर्दछ ।❖

# गतिविधि

## चतरामा महाकुम्भ मेलाको तयारी तीव्र

यही चैत २७ देखि २०८१ वैशाख २८ गतेसम्म सुनसरीको बराहक्षेत्र चतराधाम क्षेत्रमा बाह्र वर्षे पूर्ण महाकुम्भ मेला आयोजना हुने भएको छ । महाकुम्भमेलालाई लक्षित गरी मेला आयोजनाका लागि मूल आयोजक समिति गठन गरिएको छ । मूल आयोजक समितिमातहत विभिन्न उपसमितिहरू गठन गरी मेलाको तयारी तीव्र पारिएको हो । विभिन्न पक्षमा काम गर्नका लागि उक्त समितिअन्तर्गत २६ वटा उपसमितिहरू गठन गरिएको छ ।

कुम्भ मेलामा नेपालका विभिन्न स्थानका साथै भारतबाट पनि उल्लेख्य संख्यामा श्रद्धालु भक्तजनहरू सहभागी हुने गरेका छन् । नेपालका प्रथम जगत्गुरू बालसन्त मोहनशरण देवाचार्यको अगुवाइमा २०५९ वैशाख १ गतेबाट चतरामा प्रथमपटक कुम्भ मेला आयोजना आरम्भ गरिएको हो । प्रत्येक १२ वर्षमा चतरामा महाकुम्भ मेला आयोजना हुने गरेको छ । यसैगरी हरेक ६ वर्षमा अर्ध कुम्भमेला आयोजना हुन्छ ।

## शिव पार्वती रथयात्रा भव्य रूपमा सम्पन्न

शिवरात्रीको पूर्वसन्ध्यामा मानव कल्याण आध्यात्मिक प्रतिष्ठानका संरक्षक शिवतान्त्रिक बुद्धिकुमार गुरूको नेतृत्वमा शिव पार्वती रथयात्रासम्पन्न भएको छ । फागुन २३ गते आयोजित उक्त रथयात्रामा ललितपुरको बालकुमारी मन्दिरबाट सवारी साधनमा उल्लेख्य संख्यामा भक्तजनहरू बाजागाजा तथा झाँकी जुलुश सहित भक्तपुर सुडालको कलमसिमा १०८ फिट अल्लो कल्पेश्वर महादेवको शिवमूर्ति भएको स्थानमा पुगेका थिए । सो अवसरमा मन्दिर परिसरमा विशेष पूजा–आजाका साथै औपचारिक कार्यक्रम समेत गरिएको थियो ।

कार्यक्रममा प्रमुख अतिथिका रूपमा प्रतिनिधि सभा सदस्य भक्तपुर २ नं क्षेत्रका सांसद दुर्लभ थापा, विशिष्ट अतिथि प्रदेश सांसद सुरेश श्रेष्ठ, पुर्वराज्यमन्त्री तारामान गुरूङ, स्वामी श्री १००८ सत्यदेव महाराजको समेत उपस्थिति रहेको थियो । प्रमुख अतिथि दुर्लभ थापाले एउटा सामान्य परिवारमा जन्मेर शिवतान्त्रिक बुद्धिकुमार गुरूले अत्यन्तै सह्रानीय काम गरेको बताउनुभयो । १०८ फिट अग्लो कल्पेश्वर महादेवको मूर्ति निर्माणले भक्तपुर चाँगुनारायणको मात्र होइन देशको पहिचानलाई नै उच्च राखेको भन्दै प्रमुख अतिथि थापाले दुई बर्ष भित्रै बाँकी रहेका कामहरूलाई सक्नुर्पे र यस ठाउँलाई धार्मिक पर्यटनको रूपमा विकास गनुपर्ने बताउनुभयो ।'

प्रतिष्ठानका अध्यक्ष शिवतान्त्रिक बुद्धिकुमार गुरूले भक्तजनहरूलाई आशीर्वचन दिनुभएको थियो । हालसम्म १४ करोड रूपैयाँ खर्च भएको जानकारी दिँदै शिवतान्त्रिक गुरूले उक्त स्थानमा महादेवको मूर्ति निर्माणको काम जसरी पनि पूरा गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

## तेह्रथुमको साहित्यिक इतिहास नामक कृतिको लोकार्पण

पत्रकार तथा साहित्यकार केशु विरहीको अनुसन्धानात्मक कृति तेह्रथुमको साहित्यिक इतिहासको लोकार्पण गरिएको छ । एपेक नेपालको आयोजनामा गत फागुन ६ गते नेपाल प्रज्ञा–प्रतिष्ठान, कमलादी, काठमाडौमा सम्पन्न कार्यक्रममा सभापतिको रूपमा संस्थाका अध्यक्ष विश्वमोहन श्रेष्ठ रहनुभएको थियो भने प्रमुख अतिथि सहरी विकास मन्त्री माननीय सीता गरूङ हुनुहुन्थ्यो ।

लोकार्पणपछि कार्यक्रममा बोल्दै मन्त्री गुरूङले साहित्यिक कृति लेख्न जति गाह्रो छ त्यो भन्दा धेरै गाह्रोअनुसन्धानात्मक कृति निकाल्न रहेको बताउनुभयो । उहाँले केशु विरहीको यस कृतिले तेह्रथुमलाई विश्वभर चिनाउनमा सहयोग रहने र यो ऐतिहासिक कृतिले अझ ठूलो इतिहास बनाउने बताउनुभयो ।

कार्यक्रममा प्रध्यापक डा. खगेन्द्रप्रसाद लुइटेलले प्रस्तुत कृतिमा तेह्रथुमको साहित्यिक इतिहासको फेहरिस्ता भएको बताउनुभयो । त्यसैगरी कार्यक्रममा नारी श्रष्टा समाज नेपालकी अध्यक्ष तथा साहित्यकार ममता मृदुफले लेखकले यस कृतिमा तेह्रथुमको साहित्यको मात्र नभएर त्यहाँ बस्ने मानिसको चित्र उतारेको बताउनुभयो । कार्यक्रमका सभापति तथा एपेक नेपालका अध्यक्ष विश्वमोहन श्रेष्ठले किताबको बारेमा चर्चा गर्नुभएको थियो । लेखक केशु विरहीले भने आफूले यो कृति लेख्नका लागि डेढ वर्षको पूरै समय खर्चेको बताउँदै थालेको काम सफल भएकामा खुसी व्यक्त गर्नुभयो ।

## 'सुनौलो बिहानी'को भिडियो सार्वजनिक

गीतकार एवम् साहित्यकार कमला न्यौपानेको 'सुनौलो बिहानी' गीतको भिडियो सार्वजनिक भएको छ । उक्त गीतको भिडियोमा आफ्नो सन्तानको इच्छा रहर पूरा गर्न आफ्नी आमाले कतिसम्मको त्याग र बलिदान गर्न सक्छिन भन्ने यथार्थ देखाउने कोशिस गरिएको छ ।

यथार्थ र वास्तविकतालाई मिठो शब्दमा उतारेकी गीतकार, साहित्यकार तथा कविकार कमला न्यौपानेको उक्त गीतलाई गायिका बानीका प्रधानले आवाज दिएकी छन् भने संगीत येदीन गजमेर, एरेन्ज संजीव बराइली, मिक्सिङ मास्टरिङ कृष्ण कुमार महर्जनको रहेको छ । गीतलाई गुञ्जन रेकर्डिङ स्टुडियोमा रेकर्ड गरिएको हो । भिडियोमा पोस्ट प्रोडक्सन म्यानेजरको कार्य गायक अनुप रेग्मीले गरेका छन् । गीतको भिडियोमा लगानीकर्ता प्रकाश न्यौपाने रहेका छन् । भिडियोमा लोकप्रिय कलाकार रिचा थापा र सोनी लामाको अभिनय देख्न पाइन्छ ।❖

# फागु पर्व सभ्य रूपमा मनाऔं ।

- आपसी सहमतिमा उल्लासपूर्वक फागुपर्व मनाऔं,
- लोला हान्ने, पानी छ्याप्ने तथा रङ्ग दल्ने जस्ता काम जबरजस्ती नगरौं,
- सामाजिक तथा साँस्कृतिक मर्यादा र शिष्टाचारको पालना गरौं,
- हानिकारक र रसायनयुक्त रङ्गको प्रयोग नगरौं,
- मदिरा तथा लागु पदार्थको सेवन नगरौं,
- गैरकानूनी र उच्छृङ्खल व्यवहार नगरौ ।

**नेपाल सरकार**

**विज्ञापन वोर्ड**

अरुणसिंह पण्डालवाला
प्रोपाइटर

ॐ

# अरुणसिंह पण्डालवाला

गौरीघाट काठमाडौं, मोवाइलः ९८५१२५४२२४,९८४१७४२०९६, ९८४१७८४५०५

सेवाहरुः

वाटरप्रुफ पण्डाल, पाल, गेट, मञ्चका साथै सजावटका लागि सम्पर्क गर्नुहोला साथै बत्ती, जेनेटर र साउन्डसिष्टमका निम्ति समेत सम्झनुहोला ।

शुद्ध, सफा र स्वादिष्ट नेपाली भोजनका लागि सदैव सम्झनुहोला ।

# त्रिवेणी भोजनालय

क्षेत्रपाटी, काठमाडौं | फोनः ४२५१९८४

संस्कृत, नेपाली एवम् हिन्दी भाषामा समेत वेद, पुराण, ज्योतिष, कर्मकाण्ड आदि विषयमा विभिन्न धार्मिक पुस्तकहरू चाहिएमा सधैं सम्झनुहोला !

## दुर्गा धार्मिक पुस्तक पसल

पशुपति, काठमाडौं
सम्पर्कः ९८४१५२१३५३

Your Printing Solution

"गुणस्तरीय छपाई, सुपथ मुल्य"

## किशोर अफसेट प्रेश प्रा. लि.

गोल्कोपाखा, ठमेल, काठमाडौं, फोनः ०१-४०२२५४४

गौरी मासिक पत्रिकाको निरन्तरताको निम्ति अक्षय कोष निर्माणको लागि यहाँको सानो सहयोग हाम्रो लागि अमूल्य रहनेछ । सहयोगको निम्ति-

eSewa
GAURI PUBLICATION
9851053601

## नागरिक पेन्सन योजना

**बचत गर्न सकिने सीमा :**

-यसमा सहभागी हुने बचतकर्ताहरुले न्यूनतम मासिक रू. ५००|-देखि अधिकतम आम्दानीको क्षमता अनुसार १० ले भाग जाने संख्यामा जम्मा गर्न सक्ने छन् ।

**पेन्सन पाउन योग्य हुने अवस्था :**

-पेन्सन प्राप्त गर्न बचतकर्ताको उमेर साठी वर्ष पुरा भएको र कम्तीमा १५ वर्ष योगदान गरेको हुनुपर्नेछ ।

**पेन्सन गणना विधि :**

-सहभागीले गरेको बचत, त्यसको ब्याज र कोषको लगानीवाट प्राप्त प्रतिफल समेत जोडी हुन आउने कुल रकमलाई १७० ले भाग गर्दा हुन आउने रकम प्रत्येक महिना निजको जीवनकालभर पेन्सन पाउनेछन् ।

**योजनामा रकम जम्मा गर्ने विधि :**

-सहभागी बचतकर्ताले जम्मा गर्नु पर्ने रकम कोषले तोकेको बैंक खातामा भौचर मार्फत वा बिद्युतिय भूक्तानी मार्फत जम्मा गर्न सक्ने छन् । कोषमा रकम जम्मा गर्दा सम्बन्धित सहभागी बचतकर्ताको नाम र कोषले प्रदान गरेको परिचय नम्बर अनिवार्य रूपले उल्लेख गर्नु पर्ने छ ।

नागरिक लगानी कोष
केन्द्रीय कार्यालय, नयाँ बानेश्वर काठमाडौं
पो.बक्सः ५८२३, फोनः ०१-५९७०२०१
इमेलः info@nlk.org.np
वेबसाइटः www.nlk.org.np

गो.हु.का. (म.क्ष.हु.नि.द.नं.) १०/०६७/०६८

कोसीको तटमा छ धाम चतरा हो क्षेत्र वराह यो
देवी देव तथा महर्षिगणको हो साधनाक्षेत्र यो ।
आऔं सज्जन पूर्णकुम्भ महिनौं लाग्दैछ मेला जहाँ
यही सत्ताइस चैत्रमा शुरूभई सिद्धिन्छ वैशाखमा ॥

**२०८० साल चैत्र २७ गतेदेखि**
**२०८१ वैशाख २८ गतेसम्म**

सुनसरीको बराहक्षेत्र न.पा.-१, चतराधाममा लाग्ने

# बाह्रबर्षे पिण्डेश्वर पूर्ण महाकुम्भ मेलामा

*दान, स्नान गरी अक्षय पुण्यार्जन गरौं ।*

### कुम्भ महास्नानका दिनहरू:

कुम्भ प्रारम्भ महास्नान २०८० साल चैत्र २७ गतेशुक्ल प्रतिपदा
प्रथम कुम्भ महास्नान : २०८१ वैशाख १ गते चैत्रशुक्ल पञ्चमी
द्वितीय कुम्भ महास्नान : २०८१ वैशाख ११ गते चैत्र शुक्ल पूर्णिमा
तृतीय कुम्भ महास्नान : २०८१ वैशाख २६ गते मातातीर्थ औंसी
चतुर्थ कुम्भ समापन महास्नान वैशाख २८ गते अक्षय तृतीया